# मानववादी जयपृथ्वीवहादुर सिंह

**जन्मः**

नेपालको बाईसी राज्य भित्र पर्ने बझाङ राज्यका ५५ औं पुस्ताका राजा बिक्रमवहादुर सिंह तथा रानी रुद्रकुमारी सिंह (तत्कालिन नेपालका प्रधानमन्त्री जङ्गवहादुर राणाकी जेठी छोरी) का जेष्ठ सुपुत्र जयपृथ्वीवहादुर सिंहको जन्म १९३४ साल भाद्र ७ गते (२३ अगस्ट १८७७) नक्षेत्र २२ राशौ १० तिथौ १३ बारे ३ रात्रि लग्ने २ घडी ९ पला ३० चैनपुर पुरानो दरवारमा भएको थियो ।

**मृत्युः**

वि.स.. १९९७ साल असोज १ गते (१५ अक्टोवर १९४०) जयभवन बैङ्गलोर भारतमा त्रिसठ्ठी वर्षको उमेरमा आफ्ना नश्वर शरीर त्यागेका थिए । विश्व मानवमात्रको सुख, खुसी, समृद्धि र शान्तिका लागि मानववादका प्रतिपादक जयपृथ्वीले देह त्याग गरेकै साल नेपालको प्रजापरिषद् काण्डमा ४ जना सहिद भएका थिए ।

**शिक्षाः**

राणाकालिन अवस्थामा नेपाल राज्यभर औपचारिक शिक्षा प्रणालीको व्यवस्था नभएकाले जन्मघर चैनपुर स्थित पुरानो दरवार बिक्रम-बास दरवारमा गायत्रि-गुरु नारायण जोशी, शिक्षा-गुरु मुक्तिराम जोशीबाट १९३९ सालको बसन्त पञ्चमीका दिन ५ वर्षको उमेरमा अक्षरारम्भ गराइ चैनपुरमा पण्डितबाट ५ वर्षको उमेरमा अक्षरारम्भ गराइ पढाइको व्यवस्था भयो र वि.सं. १९४२ सालमा राणापरिवारका बालबालिकाले मात्र पढ्न पाउने काठमाडौँको थापाथली दरवार पाठशालामा प्राथमिक शिक्षा र दरवार हाइस्कुलमा माध्यमिक शिक्षा अध्ययन गरी वि.सं. १९५१ मा कलकत्ता विश्वविद्यालयबाट म्याट्रिक, वि.सं. १९५२ मा इलाहावाद कलेजमा समाज-विज्ञान विषयमा आइ.ए. र वि.सं. १९६२ मा कलकत्ता विश्वविद्यालयबाट कानुनमा स्नातक गरेका थिए । यिनी राणाहरुको वर्वर शासनकालको पूर्वार्द्धमा जन्मिएका भए पनि बझाडी राजाको हैसियत र वाल अवस्था देखि नै तीब्र बुद्धि, आत्म-विवेकी लक्षणले स्वअध्ययनमा विशेष रुचि भएको कारण उच्चशिक्षा प्राप्त गर्न सफल भएका थिए ।

**पारिवारिक जीवनः**

बझाडी राजा बिक्रमवहादुर सिंहको तत्कालिन राणा प्रधानमन्त्री वीरसम्सेर जङ्गवहादुर राणासंगको पारिवारिक मतभेदका कारण वि.सं. १९४६ मा १२ वर्षीय कुमार जयपृथ्वीवहादुर सिंहले राजा पदवी पाएका थिए । वि.सं. १९५१ सालमा श्री ३ चन्दसमसेर जङ्गवहादुर राणाकी छोरी खगेश्वरी राणासंग विवाह भएको थियो । विवाहपश्चात १९५३ सालमा एक छोरी जन्मिएकी थिइन, तर ६ महिनामा तिनको मृत्यु पछि यिनका आफ्नै सन्तान छैनन् ।

यिनी प्रधानमन्त्री जङ्गवहादुर राणाका छोरीपट्टिका नाति र प्रधानमन्त्री चन्दसमसेरका छोरीज्वाँइ भएकाले राणाशासकहरुको जीवनशैली एवं सत्ताको लडाइँलाई नजिकबाट हेरेका थिए र बझाङजस्तो विकटका नागरिकको शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक अवस्था पनि राम्ररी बुझेका थिए ।

## जयपृथ्वीका राष्ट्रिय योगदान

नेपालमा न्याय, निष्पक्षता, राष्ट्रयता र जनसाधारणको भलाइ नै जयपृथ्वीवहादुर सिंहको मूल मन्त्र थियो जसबाट त्यस बेलाका भ्रष्टशासक उनलाई विचलित पार्न असमर्थ रहे । आफ्नो अधिनमा पार्न श्री ३ चन्द्रसमसेरले उनलाई विभिन्न उच्चस्तरीय ओहोदामा राखे पनि जयपृथ्वीका ह्दयमा राष्ट्रिय स्वतन्त्रता, प्रजातन्त्र र राष्ट्र निर्माणको चेतना हुर्किसकेको, विश्व शान्ति र मानवतावादको धारणा वनाइ सकेकाले श्री ३ चन्द्रसमसेरको एकतन्त्रीय, जन विरोधी, अङ्ग्रेज परस्त शासनको चक्रमा पिसिएर परिवर्तन असम्भव देखेर भारतमा बसी नेपालको एकतन्त्रीय शासन व्यवस्था हेरफेर गर्न सहयोग पुऱ्याउनुकासाथै विश्व भ्रमण गरी नेपाललाई सम्मानकासाथ विश्वमा परिचित गराएका थिए ।

**नेपालमा रहदा बस्दा गरेका कामहरुः**

**१.** वि.स. १९४८ मा १४ वर्षको उमेरमा ब्रिगेड नामक अङ्ग्रेजी सैनिक पुस्तक (भ्लनष्किज :षिप्तबचथ ञ्ययप) नेपालीमा अनुवाद गरी नेपाली सेनालाई नेपाली भाषामा कमान्डिङ एवं परेड खेल्न सुविधा पुऱ्याएका थिए ।

**२.** वि.सं. १९५५ मा बझाङबाट पिछडिएका विभिन्न मानिस काठमाडौँ ल्याइ तालिम दिलाएर बझाङमा छाला प्रसोधन, तामा, फलाम तथा ढलोट, नेपाली हाते कागज, घरेलु कपडा र सिलाइ उद्योग स्थापना गरेका थिए ।

**३.** वि.सं. १९५६ मा नागरिक हक अधिकारका लागि बझाङमा छुट्टै न्यायलय खडा गरी कानुन निर्माण गरेर अन्याायका विरुद्ध न्यायालय जान दैलो-दैलोमा सूचना  टाँस्न लगाउनुका साथै अक्षर पढ्न सक्नेहरुको घुम्ती टोली पठाई सूचना पढ्न लगाएका थिए । जुन सूचना यस प्रकार छ-

स्वस्तिश्री बझाङ तहविलकस्ये पडेस नौबीसदरा गाउगाउका मुषीया भलाआदमी रयेतगैरके पुर्जी उप्रान्त अब उप्रान्त अमालले अन्याये गऱ्या अदालत सकार गर्नु. अदालतले अन्याये गऱ्या अदालतका नाउको अपील तहवीलमा दिन आउनु. तहवीलबाट गऱ्याका नीसाफले पनि चीत्त नबुझ्नेहरुकोमात्र नेपाल जाहेर गरी पठाया पछि हामी समेत् जानुपर्लाकी, कारीन्दाका नाउमा करायापछी हाम्रो पत्ता लाग्दैनकी भन्न्या डर दुनीयाले कत्तिलीनु पर्दैन. निसाफ पाउन्या छौ भन्न्या बेहोराको सबैले देषन्या थाहापाउन्या ठाउमा इक्तीहार टासी दीनुभन्न्या येस तहवीलका हाकीम खर्दार जयेनारायण जोशीका नाउमा १९५६ साल मार्ग वदी १० रोजमा श्रीराजा जयपृथ्वीबहादुर सिंहबाट सनद गरि पठाईवक्स्याको हुनाले सो बमोजिम ईक्तीहारको पुर्जी टासीदीयाको छ. आज उप्रान्त अमालले अन्याये गऱ्या अदालतले नीसाफ दीनेछन्. अदालतले अन्याये गऱ्या यस तहवीलमा कराउन आउनु र तहवीलबाट नीसाफ पाउन्याछौ. तहवीलले पनि अैन छोडी अन्याये गऱ्योभन्न्या अन्याये गऱ्याको पक्का प्रमाण जुटाई नेपाल श्रीराजा जयपृथ्वीबहादुर सिंहका हजुरमा जाहेर गरी पठाउनु र साचोझुटो कुरा बुझी श्रीराजा जयपृथ्वीबहादुर सिंहबाट नीसाफ दीवक्सीन्याछ. हाकीम

कारीन्दाका नाउमा करायामा हाम्रो पत्ता लागदैन भन्न्या डर तीमी दुनीया रयेतीहरुले कत्ति मान्नु पर्दैन भन्न्या ईक्तीहारका पुर्जी टासी दीयाको छ. सो बमोजीम गर्ने काम गर. इतिसम्वत् १९५६ साल माघवदी १० रोज ६ शुभम् ...।

४. प्रधानमन्त्री देवशमशेरले नेपालमा राष्ट्रभाषाका साथै शिक्षाको माध्यम के बनाउने भन्ने सन्दर्भमा जयपृथ्वीबहादुर सिंह, हरिहर आचार्य, बटुकृष्ण मैत्रय र युवाकवि मोतीराम भट्टसँग परामर्श लिँदा जयपृथ्वीबहादुर सिंह र मोतीराम भट्टले नेपाली माध्यममा शिक्षा दिनुपर्ने सुझाव दिएका थिए । सोही सुझावका आधारमा देवसम्सेरले पठनपाठनको माध्यम भाषा नेपालीलाई सदर गरेका थिए ।

नेपाली नागरिकहरूलाई नेपाली भाषा शिक्षा पठनपाठन गराउन वि.सं. १९५८ मा 'अक्षराङ्ग शिक्षा' नामक पाठ्यपुस्तक लेखी अध्ययन-अध्यापनका निम्ति पाठशालामा निःशुल्क वितरण गरेका थिए । यिनले लेखेको 'अक्षराङ्ग शिक्षा' नै नेपाली भाषा शिक्षाको पहिलो पाठ्यपुस्तक हो । यस 'अक्षराङ्ग शिक्षा'मा नेपाली बालबालिकाले आधारभूत ज्ञान प्राप्त गर्न सक्ने र प्राप्त ज्ञानलाई व्यवहारमा लागू गर्न सकिने विषयवस्तु समावेश गरेका छन् । यस पुस्तकमा अ,आ,क,ख,क का कि की, जोडेका अक्षर, एकावली र पहाडा, बर्गाङ्क र सवाय, पौने, डेढ, अढैया, खेतका विषयमा नेपालको चलन, समय र मधेसको चलन, जमिन र नापका विषयमा, जोड र रीति, योग, गुणन, भाग, ऋतु, महिनाको नाम, नक्षत्रबाट राशि बताउने र अथ राशिको घात विषयवस्तु समावेश छन् । यो पुस्तक ४४ पृष्टको छ । यसका साथै वि.सं. १९५८ मा नै यिनले बालबोध, ज्ञानमाला र श्रेस्तादर्पण नामक पाठ्यपुस्तक पनि लेखी प्रकाशन गरेका थिए ।

५. वि.सं. १९५७ सालमा गोरखापत्र प्रकाशनका लागि कलकत्ताबाट आवश्यक सामग्री सङ्कलन गरी वि.सं. १९५८ साल कृष्ण तृतिया बैषाख २४ गते गोरखापत्रको प्रकाशन सुरु गरेका थिए । सर्वप्रथम आफै सञ्चालक र प्रधानसम्पादक भई गोरखापत्र प्रकाशन गर्ने जयपृथ्वीले गोरखापत्रको शिरमा *"सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥"* अर्थात् सबै सुखी होऊन्, सबै नीरोगी होऊन्, सबैले राम्रै-राम्रो मात्र देखून्, कुनै पनि मान्छे दुःखी नहोऊन्, भन्ने यो संस्कृतको श्लोक राखेर आफ्नो सिद्धान्त एवं विचार नेपाली समाजमा प्रकटीकरण गरेका थिए । गोरखापत्र प्रकाशनको सम्पूर्ण अधिकार आफूले लिई वि.सं. १९५८ देखि वि.सं. १९७३ सम्म नियमित रूपमा यिनले आफ्नो मानवतावादी विचारमा आधारित लेख, रचना, कथा, कविता र नाटक गोरखापत्रमा प्रकाशित गरेका थिए, जुन अवधि गोरखापत्रको इतिहासमा स्वर्णकाल मानिन्छ । गोरखापत्रका जन्मदाताः संचालक, प्रधानसम्पादक, प्रकाशकको योगदानले त्यस ताकका गोरखापत्रमा प्रकाशित भएका कथा उपन्यास, निबन्ध, नाटक, जीवनी आदिको प्रकाशन र समालोचना तथा नैतिकता र राष्ट्रिय जागरण ल्याउने खालका प्रशस्त सामग्री छन् । उदाहरणार्थ वि.सं. १९७३ मा 'तरङ्गिणी' नाटकको समालोचना गर्दै लेखकहरुलाई 'यस्तो गरी सज्जन महानुभावहरुले नेपाली भाषा साहित्यका पुस्तकहरुको अभाव भराउँदै जानु भयो भने हाम्रो नेपाली भाषालाई पनि विश्वविद्यालयमा स्थान मिल्ला भन्ने पूरा उम्मेद छ' भन्ने लेखिएको छ ।

६. .वि.सं. १९५८ मा देवसमसेरको तीन महिने प्रधानमन्त्रीत्वकालमा वि.सं. १९५७ फाल्गुण सुदी १५ देखि वि.सं. १९५८ असाड सुदी १० सम्म खोलिएका नेपाली भाषा पाठशालाका दरबन्दी चन्द्रसमशेर

प्रधानमन्त्री भएपछि खारेजी गरी जयपृथ्वीबहादुर सिंहको राष्ट्रिय शिक्षा योजनामा अङ्कुस लगाउन खोजे तापनि जयपृथ्वीले प्रधानमन्त्री चन्द्रसमशेरलाई राज्य सञ्चालनका लागि अड्डाअदालतमा लेखापढी गर्ने र हिसाब-किताब राख्ने जनशक्ति आवश्यक हुन्छ भन्ने कुराको कानुनी तर्क दिई पुनः पाठशाला सञ्चालनमा ल्याए । ती पाठशालाहरू भाषा पाठशालाका रूपमा नभई श्रेस्ता पाठशालाका नाममा खुलाइएका थिए । यिनले श्रेस्ता पाठशालाका लागि 'श्रेस्ता दर्पण' नामक पुस्तक लेखी प्रकाशन गरेका थिए । भनिन्छ यो नै कानुनको पहिलो पुस्तक हो । यस 'श्रेस्ता दर्पण' पहिला किताबमा श्री ५ सर्कारको प्रशस्ति, श्री ३ सर्कारको प्रशस्ति, श्री कम्याण्डर इनचीफको प्रशस्ति, श्री ५ सर्कारका चौतरियाहरूको प्रशस्ति, राजारजौटाको प्रशस्ति, चिठी लेख्न्या काइदा, चिठीका खाममा लेख्न्ने काइदा, अर्काका विन्तीपत्रमा अड्डाले तोक लेख्न्या काइदा, अड्डाले अड्डालाई लेख्न्या काइदा, रसिदको काइदा, पट्टा लेख्न्या काइदा, कबुलियत लेख्न्या काइदा,अड्डाको पुर्जि लेख्न्या काइदा र भर्पाइ लेख्ने काइदा, टिप्पणी लेख्न्या काइदा, मञ्जुरनामा लेख्न्या काइदा, कपाली तमसुक लेखन्या काइदा, भोगबन्धकको तमसुक लेखने काइदा, दृष्टिबन्धक लेखन्या काइदा, फिरादपत्र लेखन्या काइदा, प्रतिउत्तरको काइदा, अपिलपत्र लेखन्या काइदा, झगडियाका दैलामा टास्ने म्याद लेख्न्या काइदा, अख्त्यरनामा लेख्न्या काइदा, काहेलनामा लेख्न्या काइदा, मिलापत्र र जितापत्र लेख्न्या काइदा र फारमपत्रको शिरको बेहोरा आदि छन् ।

७. वि.सं. १९५९ मा कुलानन्दका बदलामा जयपृथ्वी भारतको कलकत्तामा नेपालका काउन्सलर भए, जसलाई त्यस बखत वकिल भनिन्थ्यो । कलकत्तामा बस्दा यिनले बाह्य जगत्संग सम्पर्क गर्न र बौद्धिक विकासका लागि थप सुविधा पाए । आफ्नो विचार फैलाउन विदेशमा सम्पर्क बढाए र उच्च शिक्षा पनि हासिल गरे ।

८. वि.सं. १९६२ मा कलकत्ताको काउन्सलरमा कमान्डर कर्णेल बहादुर जङ्ग राणा बहाली भएपछि जयपृथ्वी काठमाडौं फर्के । कलकत्ताबाट फर्कदा यिनले गोरखापत्रका लागि हाते प्रेस र कानूनमा स्नातकको प्रमाणपत्र ल्याइ काठमाडौं आए । काठमाडौंमा आई यिनले नक्सालस्थित नागपोखरीदेखि उत्तरपूर्वमा रहेको आफ्नो ८३ रोपनी घरजग्गामा गोरखापत्रका साथै आफै प्रधानाध्यापक भएर सत्यवादी पाठशाला सञ्चालन गरे र थप पाठ्यपुस्तकहरू लेखे । ती पाठ्यपुस्तक कलिला बालबालिकाका लागि मात्र होइन, पढ्न सक्ने आम नेपाली नागरिकमा बौद्धिक जागरण र बौद्धिक क्रान्तिको तयारीका निम्ति पनि लेखेर प्रकाशन गरे ।

९. वि.सं. १९६२ मा यिनले 'शिक्षा दर्पण' पहिलो भाग पुस्तक लेखी प्रकाशन गरेका थिए । यस पुस्तकको पृष्ठ २ र ३ मा उनले लेखेका छन् "रोगको बीज मैलाबाट र खानाको बदपरेजिबाट पैदा हुन्छ, यसकारणले सदै न्वाउनाले गरिबले पनि आफ्नो फाटे-टालेको कपडा बराबर धोई सफासंग रहनाले, बस्ने सुत्ने ठाउ सुघर राख्नाले, खानामा गरौं वस्तु, कुहेसडेको, बासी बस्तु नखाई, हल्का ताकत दिने वस्तु परेजसाथ ठिक्क गरी बेलामा खानाले मानिसमा तन्दुरुस्ती रहन्छ, तन्दुरुस्ती भयाका मानिस मेहनत गर्न बुद्धि फैलाउन पनि सक्छन्, तेस्ताको जीउ पनि चङ्गा रहन्छ, आयु पनि बढ्छ, सदै रोगी भइ बस्नेको जीउनु ता बेर्थ हो" पढ्ने विद्यार्थीले रातको ९ बजे सुत्नु, व्याहाना ५ बजे उठ्नु अर्थात् दिनको ८ घण्टा वा २० घडि सत्नुपर्छ, ब्याहाना उठि आफुलाई पैदा गर्नेको नाम

लि सन्ध्या पढ्नु, त्याहा पछि झाडापिसाब गरी हातमुख धोइ, न्वाइ ९ बजे भात खानु र पाठशालामा १० बजे हाजिर भै ४ बजेसम्म पढ्नु, ४ बजेपछि २ घण्टा जीउको कसरत् गर्नानिमित्त खुला जग्गामा मन लागेको खेल खेली पसिना निकाल्नु, ६ बजे घर गइ आफ्ना बाबुआमा दाज्यु भाइ दिदी बैनिसंग बसि एकछिन प्रेमका बार्ता गरि दिल बहलाँउनु, ७ बजे बेलुकाको खाना खाइ, एकछिन आफ्नु भोलिपल्टको पाठ हेरि ९ बजे सुत्नु, यति गरि गुरुको अदब र पढनाको सौक मनमा राखि पढ्ने विद्यार्थीले विद्या बहुतै सजिलो संग हासिल गर्छ' यसै पुस्तकको पृष्ठ ४ र ५ मा यसप्रकार लेखेका छन् -

"हेर भाइ जुन तरहले सुख यो मलाइ

चाहिन्छ, सो सकललाइ भनी चिताइ,

संसारमा जिउनु कंछ बुझेर अैले

सब्का उपर सुख हुन्या गर काम पैले,

माता पिता र परिवार्हरूका उपर्मा

बोलिन्छ, प्रेम रसले गरि यो जगत्मा,

सो बोलि सब उपर भरशक गर्नु, जस्मा

हुन्छन् ती सब् जनहरू खुश तेस्बखतमा,

रिष् राग छोडि, सबको दिल खुश् गराइ,

प्रेम गर्दछन् यदि भन्या करुणा जताइ,

हे भाइ स्वर्ग सुखको अनुभव सहज्मा

शक्छन् ती गर्न गुणि जन रहि येस जगत्मा,

धारा सरी समय बित्छ सदा सबैको

देखिन्छ रोक्न कन ताकत क्या कसैको ॥"

यस पुस्तकको पृष्ठ ६ देखि ६५ सम्म विभिन्न कथा र पृष्ठ ६६ देखि ८४ सम्म गोर्खालीको अङ्ग्रेजसंगको लडाइँसम्बन्धी इतिहास रहेको छ ।

१०. वि.सं. १९६२ मा 'पदार्थतत्त्व विवेक' नामक पुस्तक लेखी प्रकाशित गरेका थिए । यो पुस्तक ३० पृष्ठको रहेको छ । यिनले पुस्तकको भूमिकामा लेखेका छन् "हाम्रा शास्त्रमा पदार्थको ज्ञान नहुँदा जुन कुरा देखे पनि परमेश्वरले बनायाको भनी चित्त बुझाउँछन् तर परमेश्वर जुन बेला जे कुरा चाहियो, आफ्नै हातले बनाउन आउँछन् भन्नाले हाम्रै शास्त्रमा परमेश्वरलाई साक्षी रूप मानेको हुनाले विरोध खान्छ अनुभवले पनि कोही पदार्थ विना कारणले बनेको देखिन्न. यो जगत्का पदार्थहरूको विवेक चैतन्य पायाका मानिसले अवश्य जान्नुपर्दछ यो कुरा जान्नाले पदार्थ ज्ञानमात्र हुने होइन कि मानिस शास्त्रको जालबाट मन छुटाई सत्य वस्तुमा मन घुसाउन सक्ने हुन्छ, सत्य

वस्तुमा मन लागेका मानिस उद्योग गरे सत्य पदार्थको इदमित्थ गर्न सक्छ, तेस्ता मानिसले गर्नुपर्ने काम के वाकि राख्यो ? येस्कारणले यो ग्रन्थ हेरि, शके ञाहाँ लेखियाको भन्दा ज्यादा खोज्नाको उद्योग गरि तत्त्व हाँसिल गरून्, नभया पनि येति लेखिया जति पदार्थज्ञान हाम्रा नेपाली स्वदेशीलाई होस् भन्नानिमित्त नेपाली भाषामा छापि यो ग्रन्थ प्रकाश गरेको छु" । यस पुस्तकको पहिलो खण्डमा व्याख्या, कार्यकारण, स्वाभाविक नियम, वजनको कारण, आकर्षण, आकर्षणको नियम, पानीको वेग, पानीको जोर, हावा, उष्णता छन् भने दास्रो खण्डमा पृथ्वी, हावा, समुन्द्र, पहाडको बनावट, खोलानालाको उत्पत्ति, पृथ्वीको उत्पत्ति रहेका छन् ।

**११.** वि.सं. १९६३ मा यिनले बझाङको आर्थिक, सामाजिक र शैक्षिक अवस्थाबारे विस्तृत अध्ययन गरेर 'मेललेक' मा बस्ती बसाई सोही ठाउँमा बझाङको राजधानी सारेका थिए । त्यसै ताका यिनले फलाम खानी, तामा खानी, हाते कागज उद्योग, काँचो छाला प्रशोधन, जुत्ता कारखाना, कपडा उद्योग, सिलाइ उद्योग, जडीबुटी प्रशोधन जस्ता उद्योगहरूको बझाङभर विस्तार गरेका थिए ।

**१२.** वि.सं. १९६४ मा यिनले 'शिक्षा दर्पण' दोस्रो भाग पुस्तक लेखी प्रकाशन गरे । यो पुस्तक १३२ पृष्ठको छ । यस पुस्तकको पृष्ठ २ र ३ मा जयपृथ्वीले लेखेका छन् "परमेश्वर सर्वज्ञ, सबका मालिक भया अवश्य पक्षपाती नहोला । फेरी जसको स्वभाव पनि मन माफिकको काम अरूले गरी दिया खुसी हुने हुन्छ । यसकारणले परमेश्वरलाई खुसी तुल्याउन भन्नेले पक्षपातलाई छोड्नुपर्छ । सब प्राणीमा एकनासको व्यवहार राख्नुपर्छ । यस्तो मन लाउनालाई पहिले आफ्नै छोरीछोराहरू सबलाई एक देखोस् कसैलाई वर कसैलाई पर नदेखोस् । सबको भलो गरोस् । त्यहाँपछि आफ्ना गाउँलाई एक देखोस् । त्यहाँपछि आफू बसेको क्षेत्रलाई एक देखोस् । त्यहाँपछि मुलुकलाई एक देखोस् । त्यहाँपछि दुनियाभरलाई एक देखी सबको भलो चितावस् । सब मानिस आफ्नो-आफ्नो मतलब मात्र बिचार गर्ने भया भने आफ्नो मात्र नोक्सान हुन्न, मुलुकको मात्र नोक्सान हुन्न कि सारा दुनियाँको पनि नोक्सान हुन्छ ।"

"बेईमान जनको इजत् पनि ञहाँ, क्यै काल मात्रै हुन्या ॥
बेईमानि गरी लियाको धन ता, टिक्तै नटिक्न्या हुन्या ॥
धनदौलथ् परिवार्हरू सकल चीज, थोरै दिनैका हुँदा,
आखिर्मा सब कामका नेकिवदी बाँकी रहन्छन् इनै ॥

**१३.** वि.सं. १९६४ सालमा 'शिक्षा दर्पण' तेस्रो भाग पुस्तक लेखी प्रकाशन गरे । यो तेस्रो भाग पुस्तक ११० पृष्ठको छ । यसको भूमिकामा लेखेका छन् "मानिस जन्मेपछी केहिनकेहि तरहबाट जिन्दगि बिताउनुपर्छ । कसरी जिन्दगि बिताउनु भन्ने विचार छ, असल काममा दिन काट्नु सब भन्दछन्, असल र नअसल कामको फिरिस्त लेखी निर्वाह छैन, सामान्य असल काम भनेको खान नपाउनेलाई खान दिनु, लाउन नपाउनेलाई लाउन दिनु, सकेसम्म मुलुकको भलाइ गर्नु, आफ्नु मुलुक सुधार्नु, सबलाई इलम दिनु, आफ्नो मुलुकको भलाई र उन्नति गर्नु सबै मानिसको धर्म हो । मुलुकको उन्नति गर्नालाई के के चाहिन्छ ? कसरी हुन्छ ? भन्ने विचार गर्नु पर्‍यो । यो कुरो यौटाले गरेर हुने होइन, सबको मन् मुलुकको भलाईमा हुनुपर्छ । मुलुकको भलाई गर्नालाई राजा भारदार हुनु पर्दैन ।

साना-साना कुरा सबैले गर्न सक्छ । सबैले इलम् सिकी, विद्या पढी, जान्ने भै अरूलाई हाँकि 'होस्टे' भन्ने हुन चाहनुपर्छ । तर केहि गरी 'होस्टे' भन्ने भाग अर्कालाई पऱ्यो भने पनि 'हैँसे' भन्नेको जमात्मा मिलि, 'हैँसे' भन्न पनि गाह्रो नमान्नु । आफ्नो झै झगडा अदालतमा राखेर त्नमन् दिइ शेषका उन्नतिमा मन दिन्या जान्न्याहरूले मिलि होस्टे ! होस्टे भनि दिदा सब मिलि एकछिन स्वदेशका उपर हैँसे ! हैँसे ! भनेर बल थपिदिया कुन काम सिद्धिन्नथ्यो ।"

सो पुस्तकमा जयपृथ्वी लेख्नछन् "धन मुलुकमा व्यापार र खेतीबाट आउँछ । मुलुकमा सब मानिसको धन मुलुकको मूल धन कहलाउँछ । तर मुलुकका कोही मानिसले धन जम्मा गरी थन्क्याई राखेको छ भने सो थन्क्याएको धन मूल धन बन्दैन । अथवा जुन धन पछि केही फाइदा ननिस्कने अर्थात् घर अथवा कसैको वेकामको सौखका निमित्त खर्च हुन्छ भने सो धन पनि मुलुकको मूलधन हुन सक्तैन । तर स्कूल, अस्पताल, पुल, बाटोहरू बनाउने काममा खर्च भयाको धनलाई मुलुकको मूलधन भन्न हुन्छ । किनभने अस्पतालमा औषधी पाइ बिमारी छुटेका मानिसहरू काम गरी फेरी मुलुकको धन बढाउँछन् । स्कूलमा इलम पायाका मानिसहरूले पनि मुलुकको धन हर किसिमले बढाउँछन् । पुल, बाटा बनाउँदा खर्च भएको धनले व्यापार इत्यादीमा मद्दत गर्ने हुनाले यो पनि मुलधन कहलाउँछ ।"

'शिक्षा दर्पण' नामक पुस्तकको तेस्रो भागको पृष्ठ १०६ मा 'मान्यता' शीर्षकमा जयपृथ्वीले लेखेका छन् "मानिसलाई मान्यतारूपी खेती गर्न सबभन्दा कठिन लाग्छ । आफ्नै इच्छानुसार गर्नालाई र आफ्नै कामकुरा असल हो भन्ने प्रतीति लाग्नालाई हामी सबैको स्वभावै छ । अलिकति विद्या, इलम सिकेपछि मानिसलाई केही घमण्ड हुन्छ र सो घमण्डले म खुब जान्दछु, हामी समानका र हामीदेखि माथिका मानिसभन्दा म ज्यादा बुद्धिमान् छु भन्ने हुन्छ । खास गरी यसै बखतमा हो मानिसहरू मान्यता छोड्नालाई ज्यादा ललचाउँछन् । यो सपना धेरै काल रहँदैन, सके त्यसैबाट मूर्ख ठहरी, नसके बहुत दुःख समेत पाई, सो घमण्डरूपी सपनाबाट ब्यूँझन्छन् । जो अर्कालाई हुकुम चलाउन उमेद राख्छ, तेसैले पैले आफूले अर्काको आज्ञा मान्नालाई रफत गर्नुपर्दछ ।"

१४. यसै गरी जयपृथ्वीले विश्वका विकसित मुलुकहरू कसरी देश विकासका क्रममा अगाडि बढी रहेका छन् भन्ने कुराको जानकारी तत्कालीन नेपालका शासक र जनतालाई गराउन पूर्बीय गोलार्धको जापान देशलाई चुने, जहाँको इतिहास नेपालको तत्कालीन परिस्थितिसँग मिल्दोजुल्दो थियो । सोही 'शिक्षा दर्पण' पुस्तकको तेस्रो भागको पृष्ठ ४, ८, १० र १६ मा लेखिएको छ "जापानका बादशाहलाई मिकादो भन्दछन् । सन् १८६८ सम्म मिकादो नामका मात्र बादशाह थिए । साँच्चीका बादशाह शोगुन थरका थिए । ठूल-ठूला सबै ओहोदा शोगुनकै दाज्यूभाइले पाउँथे । आर्को थर बाट राजकाज खोस्दा पैले बादशाहको हक दिलाउँनाको न्यूँ गर्थ्ये । पछिबाट आफै दोस्रा बादशाह बन्थ्ये । मुलुकको उन्नतिको ख्याल कसैलाई थिएन । तोकुगावा खान्दानको पाँचौ शोगुनेटका पालामा आराइ हाकुसेकी भन्ने व्यक्ति बडा विद्वान् भए । यिनैले पैले जापान मुलुकमा विद्या फैलाउने कोशिश गरे । आर्का योशिदा स्वयन भन्नेले शोगुनको ताकतले मुलुकमा मेल हुन नदियाको, मुलुकमा उन्नति हुन नपायाको कुरा बादशाहलाई जाहेर गर्दा मारिदिए । इनले मर्ने बेला कचहरीमा सबका अगाडी, सबका मनमा गड्ने देशोन्नतिमा भारी भाषण दीइ आफ्नो जन्म सफल भयो भन्ने संझि मरे ।

त्यसै बेलादेखि शोगुनको दशा लाग्यो । सन् १८६८ मार्च १४ तारेखमा बादशाह मुत्सोहितोले जापानको सब काममा आफूले समेत सपथ खाई मुलुकको लायक मानिस प्रधानमन्त्री हुनेछ, जुनसुकै बेलामा पनि सब किसिमका मानिसको एक मत गराउने मत सरकारले राखोस्, बेमतलबका पुराना चालचलन सब छोड्नु, इलम र विद्या पृथ्वीमा जहाँ पाइन्छ खोजी मुलुकको बराबर तरक्की भैरहने गराउनू भन्ने काइदाले ऐन बाँधे । सबका ताकत तोडिए । सारा जापानमा एकै किसिमको कारोबार हुने भयो । सब जनता एक भइ जापानको विकास बढाए ।”

**१५.** वि.सं. १९६४ मा जयपृथ्वीलाई भारदारी अड्डा प्रमुख बनाइयो र न्याय हेर्ने सम्पूर्ण जिम्मेवारी पनि सुम्पियो । जयपृथ्वीका विचारहरूलाई तत्कालीन प्रधानमन्त्री चन्द्रसमशेरले सहजै लिएका थिएनन् तापनि जयपृथ्वीको उच्च बौद्धिकता, देश र नागरिकप्रतिको हेराइले गर्दा प्रधानमन्त्री चन्द्रसमशेर पनि प्रभावित नभइरहन सकेनन् । यही प्रभावका कारणले जिम्मेवारी सुम्पिएर जयपृथ्वी पासको व्यवस्था गरियो । त्यसैले त्यस ताका कसैले पनि सरकारी नोकरीमा काम गर्न जयपृथ्वीबाट पास लिनुपर्थ्यो । जुन पदलाई पछि प्रधानन्यायाधीस भन्ने पद सिर्जना गरिएको हो । यो यिनीप्रतिको निगाह र दया नभएर यिनको बौद्धिक क्षमताको कदर थियो ।

**१६.** वि.सं. १९६५ मा जयपृथ्वीले ‘व्यवहारमाला’ नामक १२८ पृष्ठको पुस्तक लेखी प्रकाशन गरे । यस पुस्तकको ३८ पृष्ठमा ‘उपहारको काम’ शीर्षकमा उनले लेखेका छन् “सबैले विचार गर्नुपर्छ कि सके दुनियाँभरको नभया आफ्नो मुलुकमा उपकार गर्नुपर्ने कति काम छन् ? आफू बसेका शहरमा कति मानिस बेकम्मा भएर भोकले मरिरहेका छन् ? कतिले अरू केही उद्योग नपाई आर्काको कमारा कमारी भएर, दुःख पाएर जनम् बिताएका छन् ? कति विद्या नपाएर पशु जस्ता भएर रहेका छन् ? कति बलियाको थिचोमिचोमा मरेका छन् । कोही पासा र तास खेलेर दिन बिताउँछन् । कोही गफ गरेर दिन बिताउँछन् । के प्राणीको उपकार हुने काम यस्तै खेलबाडबाट हुन्छ ? धेरै मानिस अर्काको दुःख थाहा त पाउँछन् तर उपकारको काम आफ्ना दुईचारवटा जहानपरिवारदेखि बाहिर चलाउन सक्तैनन् । यस्ता मानिसले दया गरे भन्नुहुन्न । यी त तमासा हेर्नेहरू हुन् । जैले धनी हुँला वा ताकत होला उहिल्यै उपकारको काम गरौँला भन्ने सोचाइ पनि झुट्टा हो । दुनियाँको फाइदा धनैले मात्र हुने थोरै हो । उपकारको काम भनेको त मौकाले मात्र गर्ने आफ्नू मतलबले छोड्ने होइन । घरको कामदेखि सारा दुनियाँका कामसम्ममा उपकारको काम ता एउटा कर्तव्य नै हो । आफ्ना वरिपरिका मानिसमा दया राखेर चित्त बुझाउने पनि उपकारी होइन । दुनियाँको फाइदा हुने सब कुरा मलाई थाहा छ, परीआएमा मद्दत गर्छु भन्ने पनि उपकारी होइन । आर्काको उपकार र दुनियाँको फाइदालाई ता मेहनत नै गर्नुपर्छ, गहिरो विचार, एकत्व, ध्यान, इख लिएको उद्योग लिनुपर्छ । आफ्नो मतलब छोडेर उपकार गरौँ भन्ने उमेद राख्नुपर्छ ।”

**१७.** वि.सं. १९६५ मा जयपृथ्वी गोरखापत्रका प्रमुख सम्पादकका हैसियतले बेलायत गएका थिए । जयपृथ्वीको प्रतिभाबाट प्रभावित भई बेलायतका सम्राट् सप्तम एडवर्डबाट यिनले मानार्थ कर्नेल उपाधि पनि पाएका थिए ।

**१८.** वि.सं. १९६६ मा सबै नागरिक निरोगी र स्वस्थ होऊन् भन्नका लागि भारतको कलकत्ताबाट डाक्टरहरू झिकाई बझाङमा खग आयुर्वेद औषधालयहरू स्थापना गरेका थिए ।

१९. वि.सं. १९६७ मा जयपृथ्वीले श्रेस्तादर्पराा पैल्हा किताप ४८ पेज र 'भूगोल विद्या' नामक पुस्तक लेखी गोर्खापत्र छापाखाना नक्सालबाट प्रकाशित गरे । पृथ्वीको बर्णनलाई भूगोल विद्या भन्दछन्, पृथ्वी सुन्तोला जस्तो गोल्छ, पृथ्वीको गोलाइ ३ तरहबाट सिद्ध गरिन्छ' भन्ने बाक्यांशबाट सुरु गरिएको यस पुस्तकमा १०३ पृष्ठ छन् । यिनले मुलुकको विकास गर्न नागरिकहरूले भूगोलको पनि अध्ययन गरून् भन्नाका लागि यो पुस्तक लेखेका थिए । नेपालीमा लेखिएको यो पहिलो भूगोलको पुस्तक हो । जयपृथ्वीबहादुर सिंह नेपालको भूगोल विकासका क्रममा पहिला भूगोलविद् समेत हुन् ।

२०. वि.सं. १९६७ मा यिनले बझाङमा क्रान्तिकारी भूमिसुधार व्यवस्था लागू गरी बझाङका राजारजौटाका नाममा दर्ता रही आएका जग्गामा मोहियानी हक दिलाई सर्वसाधारण नागरिकका नाममा जग्गा दर्ता गराएका थिए ।

२१. वि.सं. १९६७ देखि वि.सं. १९६८ सम्ममा जयपृथ्वीले बझाङबाट डाँसे-फडिल्ले डडेलधुरा हुँदै भारतको टनकपुर, बझाङबाट बित्थड बैतडी हुँदै भारतको झुलाघाट, बझाङबाट बाजुरा हुँदै जुम्ला, चैनपुर बझाङबाट मानसरोवर तिब्बतसम्मको घोरेटा बाटा र धर्मशाला निर्माण गरेका थिए ।

२२. नेपाली भाषा पाठ्यपुस्तक र गोरखापत्र निकाल्दै गर्दा व्याकरणको महत्त्वलाई ध्यानमा राखी जयपृथ्वीले वि.सं. १९६९ मा 'प्राकृत व्याकरण' नामक नेपाली व्याकरणको पुस्तक लेखी प्रकाशन गरेका थिए । चालीस पृष्ठमा लेखिएको यस व्याकरणका अन्त्यमा इति प्रथम खण्ड लेखिएकाले अर्को व्याकरण पनि लेखेको बुझिन्छ । यही 'प्राकृत व्याकरण' नै नेपाली भाषामा लेखिएको नेपालमा छापिएको पहिलो व्याकरण हो । नेपालका पहिला व्याकरणकार जयपृथ्वीले नेपाली भाषालाई प्राकृत भाषा भनेका छन् र नेपाली भाषाको शब्द कोष लेखेका थिए भन्ने छ तापनि खोज गर्दा फेला पारिएको छैन । नेपालमा वि.सं. १९५७ सालदेखि गोरखापत्र छापाखानाको सुविधा भएकाले राष्ट्रिय तथा राष्ट्रभाषामा लेखिएका कुनै पनि सामग्री प्रकाशनको कठिनाइ नभई रचनाकारको अभाव रहेको थियो । त्यसमा पनि राष्ट्रवादी जयपृथ्वी नेपालमा बसेसम्म कुनै पनि रचनाकारका रचनाहरू अप्रकाशित थिएनन् ।

२३. वि.सं. १९७० मा काठमाडौँको नक्सालमा वि.सं. १९६२ मा स्थापना गरेको सत्यवादी पाठशालालाई बझाङ सारेका थिए । बझाङ सारेपछि सबै नागरिकहरूका बालबालिकाले शिक्षा पाउन सकून् भन्नाका लागि प्रत्येक हप्ताको मङ्गलवारका दिन आठ वर्ष माथि उमेर भएका बालबालिकाका आमाबाबु बोलाइ भोज खुवाउने चलन चलाएका थिए । आमाबाबुलाई भोज खुवाएर बालबालिकालाई पाठशाला पठाउन प्रेरित गराउनाले बझाङमा त्यस बेला शिक्षा क्षेत्रमा ठूलो क्रान्ति आएको थियो । वि.सं. १९८५ तिर त धेरै मानिस शिक्षित थिए ।

पाठशालाभन्दा अलिपर नेपाली हाते कागज उद्योग थियो । पाठशालामा मध्याह्नका समयमा हाते कागजका लागि चाहिने कच्चा पदार्थ विद्यार्थीबाट कुटाउन लगाई विद्यार्थीहरूलाई लेख्ने कागज दिने गरिएको थियो । त्यो कागजमा विद्यार्थीहरू कटुसका पातको मसी बनाई निगालाका कलमले लेख्ने गर्थे । सत्यवादी पाठशालामा पढ्ने विद्यार्थी एक दिन गयल रहेमा दोस्रो दिन कक्षाका सबै

विद्यार्थी गयल रहेका विद्यार्थीको घरमा गएर पाठशालामा हाजिर गराउने चलन २०२५/२६ सालसम्म पनि कायम थियो ।

जयपृथ्वी भारतको बैङ्गलोर बस्दा पनि सत्यवादी पाठशाला, बभ्फाङका हेडमास्टर रामदत्त अवस्थीलाई पाठशालाको मासिक प्रगति प्रतिवेदन लिने र मार्गदर्शन दिने कार्यहरू भइरहन्थे । ती निर्देशनमध्ये केही निम्नानुसार थिए -

- प्रत्येक दरा (क्षेत्र) बाट ४/४ जना विद्यार्थी ल्याएर पढाउने ।
- गरिब विद्यार्थीलाई पठनपाठनका सामग्री, एक कम्बल र सीधा (खाना) दिने ।
- विद्यार्थीहरूलाई हिसाब र नेपाली भाषामा जोड दिने । तर हिन्दी भाषामा बातचित गर्न अभ्यास गराउने ताकि भारततिर रोजगारी तथा कुल्ली काममा जाँदा चिठ्ठीपत्र लेख्न सकून् र आफ्नो आर्जन (पारिश्रमिक) मा ठगिनबाट बच्न सकून् ।
- नैतिक र अनुशासनको शिक्षा दिने ।
- विद्यार्थीलाई सत्यवादी बनाउने ।
- ह्यूमानिस्ट' पत्रिका पढेर सोअनुसार व्यवहार र आचरण गर्ने गराउने ।
- दुनियाँका छोराहरूलाई अङ्ग्रेजी निःशुल्क सिकाउने र अङ्ग्रेजी पढ्न इच्छुक राजाका भाइछोराहरूलाई शुल्क लिएर अङ्ग्रेजी पढाउने ।

२४. वि.सं. १९७० मा दर्शनमा आधारित 'तत्त्वप्रशंसा' नामक पुस्तक प्रकाशन गरेका थिए । यो पुस्तक चौवालीस पृष्ठको रहेको छ । यस ग्रन्थको भूमिकामा उनले लेखेका छन् "यो ग्रन्थ लेखि मेरो मतलब कुनै कुरामा पण्डित्याइ देखाउने वा मत् धर्मको खण्डन् गरि आर्को नञा धर्मको स्थापना गर्ने होइन कि खालि पाठकहरूको मन् सत् वस्तु खोज्नामा लागोस् भन्ने हेतुले आफ्ना दिलमा लागेको कुरा लेखि प्रसङ्ग चलाई दियाको हो । यसै कारणले कौनै कुरामा शुद्धाशुद्धको विचार पनि ज्यादा नगरि मतलब यो हो कि पाठक महाशयले यति कुरा जान्नु पर्ने रहेछ भनि सो कुरामा जान्नाको कोशिश गरि आफैले साँचो कुरा निकाल्न शक्नु भो भने सो कुरा दिलमा दृढसँग गड्न गै फाइदा दिने हुन्छ, एक फेरा किताबमा लेखेको देखेको वा कसैले भनेका कुरामा ख्यालै रहन्न, यसै कारणले सज्जन पाठक महाशयहरूको दिल बहलाउनानिमित्त केहि गन्थन छोटकरी गरि लेखि प्रकाश गरेको छु" । सो ग्रन्थको अन्तमा लेखेका छन् -

मर्नू एक् दिन् पर्दछ प्राणीलाई । रिस् राग् छाडी गर्नु सबको भलाई ॥

कर्मै मुख्य व्यवहारको यही हो । भन्ने लाग्छ अल्प बुद्धि मलाई ॥

जयपृथ्वी नाम मेरो त भाई । लेखैं केही कनिकूथी जमाई ॥

साँचो भ्फूटो भन्नू होला तपाञी । यै हो मेरो जन्मभर्को कमाई ॥

यहि पुस्तकलाई व्यापकरुप दिएर सन् १९२८ मा बैंगलोर भारतबाट अङ्गेजीमा ह्यूमानिज्म प्रकाशन गरेका थिए ।

१९९४ साल फागुन ६ गते जय भवन बैंगलोरबाट जुजी धारगाड गाउ बस्ने हंसा मिश्रका नाति धन्नाम मिश्रका छोरा हरिनारायण मिश्रलाई आफ्नै हातले चिठी लेखि चिठीमा लेखेका छन्: हरि नारायण मिश्रके । उप्रान्त तिमिले माघ २९ गतेमा पठायेका ३ पत्र पाये । तिमिले टाटे गडो भन्ने

जग्गाको झगडा हारी सो जग्गा तिमिहरुले नपाउने भयेमा, वास्तवमा सो जग्गा तिम्रा बाबु बाजेहरुले बिजाडीहरुलाई सित्तीमा खान दी, निजहरुबाट कैलेकहीं केही काम संम मात्र तिमिहरुले लिने गरेको प्रमाण पुगेकोले सो झगडा तिमिहरुलेहारेको हो, तेसो भये तापनि तिमिहरुले हाम्रो चाकरी गरेको हुनाले र तिम्रो वास्तवमा भयेको नोक्सानी दुइ नोकरले गर्ने तिम्रो कामको मात्र नुक्सान भयेकोले र दुइटा नोकरहरुले खानालाई जग्गा कतिले पुग्छ भनी मैले राजा भाइसंग सोधी पठाउदा एक सय पचास रुपियाको जग्गा भये पुग्छ भनि मौसूफ भाइले लेखि पठायेकोले, १५० रुपियाको जग्गा किनी दिनु भनी मैले पैले लेखेको हुँ । हाल्मा, तिम्रो भाइ अझ सम्म नेपाल गै झगडा गरी रहेको सुनेकाले, तिम्रो धेरै खर्च लागेको बुझी, नोट रु. १७५ छोरा नानी रामजंगलाई खर्च गर्नालाई दियेकोबाट तिमिलाई सो नोट रु. १७५ वा तेस्को सटही गर्दा हालका दरभाउले मे रु. जतीहुन्छ तेतिको जग्गा किनी तिमिहरुलाई बुझाइ दिनु भनी भनेको छु। बजाङ पुगे पछि छोरा नानी रामजंगले सो नोट रु. १७५ तिमिलाई दिने छन । तेसैले तिमिले जग्गा किनि अथवा ऋण तिरी आफ्नो व्यवहार चलाउनु । यहाँ आयेर पनि तिमिले बर्ता केहि पाउने छैनौं, तिमि बंगलोर आयेमा खाली बाटो खर्च गर्ने काम मात्र हुने छ, सो बुझी बंगलोर नआउनु, त्यहीबाट फर्की घर जानु । तिम्रो असल चाहने श्री राजा जयपृथ्वी बहादुर सिंह

राष्ट्र र समाजनिर्माणको पहिलो खुड्किलो बौद्धिक क्रान्ति हो । जहाँ बौद्धिक क्रान्ति हुन्छ; त्यहाँ सामाजिक परिवर्तन सजिलै हुन्छ । जहाँ सामाजिक क्रान्ति हुन्छ, त्यहाँ राजनीति मानवताको पक्षधर हुन्छ, मानवीय व्यवहारमा उभिएको हुन्छ र मानवताको संरक्षक भएर बसेको हुन्छ । यदि समाजमा बौद्धिक क्रान्तिविनाको सामाजिक क्रान्ति भयो र सामाजिक क्रान्ति विनाको राजनीतिक क्रान्ति भयो भने त्यो लँगडो हुन्छ, अपूरो हुन्छ । त्यसैले होला जयपृथ्वीले सर्बप्रथम नेपालमा बौद्धिक क्रान्तिको सुरुवात गरे । सामाजिक क्रान्तिविना नागरिकहरू सुखी, खुसी र समृद्ध हुन सक्दैनन् भन्ने कुरा उद्घोष गरेर नेपालमा राजनीतिक क्रान्तिको वातावरण बनाएका थिए ।

जयपृथ्वीसँग बाबुराम आचार्य जीवनभर सँगै बसेका थिए र उनको सम्पूर्ण व्यवस्था जयपृथ्वीले नै गरिदिएका थिए । जयपृथ्वीका विद्यार्थी एवं शिष्य नेपालका इतिहासशिरोमणि बाबुराम आचार्यले आफ्नो 'नेपाली शिक्षाको इतिहास' मा लेखेका छन् "राजा जयपृथ्वीबहादुर सिंहले छपाई राखेका पाठ्यपुस्तकहरूमध्ये एउटा जापानको उत्थानको वृत्तान्त लेख्दा..चन्द्रसमसेर झसङ्ग भए । जापानका शोगुन जस्तै आफू रहेका हुनाले विद्यार्थीहरूलाई भड्काएर क्रान्ति मचाउने उद्देश्यले यो पुस्तक लेखिएको रहेछ भन्ने तर्कना गरी रोष प्रकट गरे ... ।" राणा प्रधानमन्त्री चन्द्रसमसेर जङ्गबहादुर राणाले झस्कनुपर्ने त्यस ताकाको अवस्था नै थियो । किनभने त्यसै बेला रुसमा लेनिन र भारतमा गान्धी सक्रिय थिए,बेलायती उपनिवेशको जग-जगी थियो । आज जे छन्, ती सबै धर्म उदय भइसकेका थिए । तर जयपृथ्वी यी कुनै पनि विचारसँग पूर्ण सहमत थिएनन् ।

## अन्तर्राष्ट्रिय मञ्चमाः जयपृथ्वीवहादुर सिंह

नेपाल विश्वकै प्राचिन सार्वभौम स्वतन्त्र मुलुक हो । नेपाल दक्षिण एशियाका सबै मुलुकहरु भन्दा जेठो हो । नेपालले भारत बेलायतको उपनिवेश रहँदै आफ्नो अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरेको थियो । बेलायत, भारतलगायतका मुलुकहरुमा नेपाली राजदूत रहने व्यवस्था थियो । तथापि विश्वका अधिकांश मुलुकहरु नेपालको दौत्य सम्बन्ध स्थापना भइनसकेको अवस्थामा

जयपृथ्वीबहादुर सिंहले अमेरिका, जापान, चीन, स्वीट्जरल्यान्ड, जर्मनी, चेकोस्लोभाकिया, अष्ट्रिया, हङ्गेरी, रोमानिया, पोल्याण्ड, फ्रान्सलगायतका मुलुकहरुको भ्रमण गरी ती मुलुकहरुका विभिन्न शहरहरुमा आफूद्वारा प्रतिपादित 'मानववाद'बारे प्रवचन दिएका थिए । जयपृथ्वीबहादुर सिंहको यस प्रयासले जनस्तरबाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा उल्लेख्य योगदान पुगेको छ ।

१. वि.सं. १९७१ साल अर्थात् सन् १९१४ मा युरोपस्थित अस्ट्रियाका राजकुमार आर्क ड्युक फर्डिन्यान्डको हत्याको निहुँमा सुरु भएको पहिलो विश्वयुद्धमा करिब ८५ लाख मानिसको ज्यान जाँदा जयपृथ्वीलाई असह्य हुन पुग्यो । यस विश्वयुद्धले यिनलाई नेपाल र नेपालीलाई मात्र होइन, विश्वमानवका बारेमा सोच्न बाध्य गरायो ।

वि.सं. १९७२ मा नेपालमा आफूले जिम्मेवारी बोकेका विभिन्न पदहरू समहाल्ने व्यक्तिको बन्दोबस्त मिलाई आफ्नो राजा पदवी बाबुलाई सुम्पिएर वि.सं. १९७३ देखि १९७९ सालसम्म भारतको देहरादुन र नैनितालमा बसी 'मानवतावाद' नामक पुस्तक लेखे । यो पुस्तक नै आधुनिक नेपालको इतिहासमा दर्शनसम्बन्धी पहिलो पुस्तक हो ।

वि.सं. १९७९ मा बाबुको मृत्यु भएकाले जयपृथ्वी पुनः नेपाल फर्की सो राजा पदवी आफ्ना कान्छाभाइ देविजङ्गवहादुर सिंहलाई हस्तान्तरण गरेर वि.सं. १९८० मा भारतको बैङ्गलोर गएका थिए । तर छोरीको मायाले ज्वाइँलाई फकाउन सकिन्छ कि भन्ने ठानेर राणा प्रधानमन्त्री चन्द्रसमशेरले वि.सं.१९६८ मा अमाली प्रथा खारेज, वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना, वि.सं. १९७७ मा सती प्रथा उन्मूलन, वि.सं. १९८१ मा दास प्रथाजस्ता अमानवीय प्रथाको अन्त्य गरिदिए पनि जयपृथ्वीबहादुर सिंहले पहिलो विश्वयुद्धको युद्धविभीषिकालाई सहनै नसकी अठोटकासाथ आफ्नो सुख-सयल र सर्वस्व त्यागिदिएका थिए ।

नेपाल भूमिमा जन्म लिएका सिद्धार्थ गौतमले समस्त मानवजातिको आत्मसंरक्षणका लागि आफ्नो राज्य छोडेझैँ जयपृथ्वीले पनि मानवजातिको जीवनसंरक्षणका लागि ४७ वर्षको उमेरमा बझाङ राज्यको राजपाट त्यागेर भारतमा बसेका थिए ।

२. विश्व–भ्रातृत्व र शान्तिप्रतिको आफ्नो बिचार संसारभर फैलाउन दक्षिण भारतको गङ्गाधर चेट्टी रोड बैङ्गलोरमा सन् १९२५ मा 'जय भवन' निर्माण गरे ।

३. सन् १९२८ मार्च ८ विहीवारका दिन 'ह्युमानिस्टिक क्लब' को उद्धाटन् गरे ।

४. सन् १९२८ सेप्टेम्वर मा मानववाद नामक अङ्ग्रेजी पुस्तक विमोचन गरे ।

५. सन् १९२८ जुलाई मा 'द ह्युमानिस्ट' मासिक अङ्ग्रेजी पत्रिका प्रकाशन गरे ।

६. सन् १९२८ मा Peace and Unity Propaganda Bureau गठन गरेर सन् १९२९ सेप्टेम्बर देखि सन् १९३८ सम्म विश्व भ्रमण गरेका थिए ।

७. मैसुरका तत्कालिन राजा जय साबराडे रावसँग सम्बन्ध बढाई भारतको मैसुर राज्यको कुर्ग भन्ने ठाउँमा नेपालीहरूको बस्ती बसाले, भारतको देहरादून र नैनितालमा नेपाली भाषा स्कूल खोले, देहरादून, नैनिताल र मेघालयबाट गोरखा-संसार, तरुण-गोरखा, हिमचुली र गोरखा-सेवक नामक नेपाली पत्रिकाहरू प्रकाशन गराएका थिए । यिनले संसारका सबै मानिसहरू एउटै परिवारका

सदस्यका रूपमा र सबै देशहरूले सह-अस्तित्वको माध्यमद्वारा विश्वब्रम्हाण्डको छहारीमुनि रहन सकेमा मात्र स्थायी विश्वशान्ति सम्भव छ भन्ने कुरा बुझाउन एवं युद्धरत मुलुकका पीडित पक्षलाई उद्धार र आक्रामक पक्षलाई मानवता सम्झाउन विश्वशान्ति सञ्जाल खडा गरी विश्वव्यापी रूपमा शान्ति र मानवतावादी सङ्गगठनहरू खोलेका थिए ।

८. जयपृथ्वीले रोक्न खोजेको मुलुक-मुलुकबीचको युद्ध एवं मुलुक-मुलुकभित्रका लडन्तभीडन्त मात्र नभई मानवले मानवलाई गर्ने शोषण र उत्पीडन जस्ता दुष्प्रवृत्ति पनि हो । मानवमात्रको सुख, खुसी, शान्ति र समृद्धिका लागि यिनको रणनीतिमध्ये समुदायगत सङ्गगठनहरू स्थापना गर्ने एउटा थियो । एक-अर्का मानिसको जीवन बुझ्न आपसी छलफल चाहिन्छ । छलफलका लागि सङ्गगठन चाहिन्छ । ती सङ्गगठनहरू चाहे गाउँ वा टोल स्तरमा होऊन् वा राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय स्तरका होऊन्, ती सङ्गगठनहरूमा सबै किसिमका मानिस आएर छलफल गर्ने, आपसमा समान व्यवहार गर्ने, एक-अर्कामा मानमर्यादा गर्ने, माया गर्ने, सद्भावना देखाउने, सहानुभूति राख्ने जस्ता कुराहरूको अभ्यास गरेर तल्लो खालका मानिसमा रहेको हीनता हटाई आफूमा पनि चिन्तन गर्न सक्ने क्षमता रहेछ भन्ने भावना पैदा गराउने र माथिल्लो तहका मानिसको घमण्ड हटाई त्यो पनि हामी जस्तै हो भनेर दयाको भावना जगाउने थियो । त्यही कुरालाई लिएर यिनले विश्वभर प्रचार गरे । जताततै मानवतावादी क्लबहरू खोलाए । त्यसैले गर्दा लायन्स क्लब, रोटरी क्लब लगायतका विश्वभरका विभिन्न क्लबहरू उनकै सिद्धान्तले जन्माएका हुन र लिग अफ नेशनले विश्व शान्ति असम्भव भन्नाले संयुक्त राष्ट्र सङ्घको स्थापना पनि जयपृथ्वीकै प्रेरणाले भएको हो भन्ने ठम्याइ रहेको छ ।

आफ्नो जीवनका १३ औं वसन्त लगाएर लेखेको ह्युमेन्इज्म् ग्रन्थमा विवेचना गरिएका दार्शनिक विषयमध्ये सृष्टि-सिद्धान्त एक हो । मानिसहरूमा ईश्वरसम्बन्धी विचारको उत्पत्ति र विश्वासको विकास कसरी भयो भन्ने विषयमा जयपृथ्वीले यस ग्रन्थमा आफ्ना विचार यसरी व्यक्त गरेका छन्- "जगत्को सृष्टि ईश्वरबाट भएको हो भन्ने सोचाइ मासिनहरूकै हो । मानिसहरूले आफ्नो प्रारम्भिक युगमा जीवन सुरक्षाका निमित्त एउटा बाटो खोज्नुपर्ने थियो । त्यस बेला बलियाले निर्धालाई हेप्ने प्रवृत्तिले सङ्गठनको सोचाइ आयो । सङ्गठनको अवधारणाबाट समाजको जन्म भयो । समाजको सुरक्षा र सञ्चालनका निमित्त शक्तिसन्तुलन गराउन एक प्रमुख व्यक्तिलाई अधिकारसम्पन्न गराउनुपर्ने भयो । यो शक्ति परिवारमा बाबुले पायो र बाबु मरेपछि छोरा-नातिमा सर्दै गयो । अधिकारसम्पन्न व्यक्तिलाई अरूले मान-सम्मान र पूजा गर्ने परिपाटी बस्दै गयो र पुर्ख्यौली पूजा स्थापित भयो । चराचर जगत्मा भइरहने प्राकृतिक परिवर्तनहरू, ठूल-ठूला पहाडहरू, चन्द्र, सूर्य, विनाशकारी प्रलय, आँधीबेरी, बाढीपहिरो, स्वच्छ बातावरण, शीतल हावा आदि सबै देखेर मानिसले यसका पछाडि कुनै अदृश्य शक्ति रहेको अनुमान गरे । यो आफ्नै मरेको बाबुको आत्मा पनि हुन सक्ने अनुमान गरेर त्यो अदृश्य र शक्तिशाली आत्माको पूजा गर्ने र चाड-पर्व मनाउने परिपाटीको विकास मानिसहरूले नै गरेर तात्त्विक अर्थात् वास्तविक आत्मा माने । प्रकृतिका नियमित क्रियाकलापहरू जस्तो सूर्य उदाउने, अस्ताउने, राती तारा चम्किने, ठीक-ठीक समयमा ऋतु परिवर्तन हुने, पानी पर्ने, जाडो-गर्मी हुने आदि अवस्थासँगै मानवसमाज सञ्चालित हुने भएकाले समाजका हरेक सदस्यलाई एक-अर्काको सहयोगको खाँचो महसुस भयो । समाजका

सबै सदस्य मिलेर आपसी समझदारी कायम राखी काम गर्नुपर्ने भयो । समाजमा गलत काम गर्नेलाई दण्ड दिलाउन सर्वोच्च शक्ति प्राप्त राजाको परिकल्पना भयो । यसरी मानिसको समाजसितको सामञ्जस्य कायम भयो । आफ्ना पूर्वजहरूको मृतात्माको डर, नियन्त्रण र मार्गदर्शन विना जगत् सञ्चालन हुन नसक्ने विश्वासले मानिसले उनीहरूमाथि शासन गरिरहेको एक अदृश्य शक्तिशाली देवताहरू स्थापित भए । यिनीहरू शक्तिसन्तुलनका निमित्त एक-आपसमा सम्झौता गर्न थाले । सर्वशक्तिमान् ईश्वरको सोचाइ स्थापित भइ शक्ति र सम्झौताको अभ्यास भयो । प्रकृतिमा देखिने पल-पलका घटनाका सम्बन्धमा मानिसद्वारा गरिने हरेक खोजहरूले मानिसलाई नयाँ-नयाँ ज्ञान प्राप्त हुँदै गयो । जीवनको अन्तिम अवस्थासम्ममा पनि उसले यी खोजहरूको निष्कर्ष निकाल्न सकेन । जीवनका समस्याहरू अन्त्य भएनन् । दुःख, कठिनाइ र दुविधाहरूमै मानिस जकडियो । उसले जीवनका समस्याहरूको उपयुक्त व्याख्या गर्न सकने । त्यसैले मानिसले जीवन र जगत्को उत्पत्ति र सञ्चालनमा पक्कै कुनै महामानवको संलग्नता छ भन्ने निष्कर्ष निकाल्यो । यसरी प्रभुकै इच्छाबाट जगत् अहिले छ र रहिरहने छ भन्ने विश्वास लिई सृष्टि सिद्धान्तको व्याख्या गर्न मानिस बाध्य भयो ।" यसरी 'मानवतावाद' ग्रन्थमा जयपृथ्वीले सृष्टि-सिद्धान्तलाई सदैव अध्ययनको विषयका रूपमा लिनुपर्ने कुरा विस्तृत रूपमा उल्लेख गरेका छन् ।

९. वि.सं. २०३४ सालमा 'रूप-रेखा' पत्रिकाको अङ्क ३ मा देवेन्द्रराज उपाध्याय लेख्दछन्- राजा जयपृथ्वीबहादुर सिंहसँग मैले सन् १९३७ मा भारतको बैङ्गलोरमा ३ महिना सँगै बस्ने मौका पाएको थिएँ । त्यस बेला उहाँ इथियोपियाबाट फर्केको डेढ बर्ष भएको थियो । सन् १९३५ मा अविसिनियामाथि इटलीले हमला गऱ्यो । अविसिनियाका सम्राट् हेलिसिलासी तत्कालीन राष्ट्रसङ्घसमक्ष विश्वको नैतिक समर्थन माग्न जाँदा राष्ट्रसङ्घले इटलीका विरुद्ध केही गर्न चाहेन । यो कुरा बैङ्गलोरमा राजा जयपृथ्वीबहादुर सिंहले थाहा पाएर जापान गई त्यहाँबाट ग्याँस मास्क किनेर अविसिनिया जानुभयो । उहाँले आफ्नो ज्यानको बाजी लगाएर धेरै अविसिनियावासीको ज्यान बचाउन मद्दत गर्नुभएको थियो .... ।

१०. मेची अञ्चल झापा जिल्ला भद्रपुरका रणकेशर बुढाथोकी आफ्नो युवावस्थामा जयपृथ्वीसँग बैङ्गलोरमा सँगै बस्दाको सम्झना आलो पार्दै भन्छन्- सन् १९३८ मा म १९ वर्षको हुँदा बैङ्गलोर गएँ र जयपृथ्वी राजालाई भेटेर उहाँसँगै काम गरें । म त्यहाँ बस्दा विश्वका विभिन्न देशका विद्वान्हरू त्यहाँ आउँथे । धार्मिक अन्धता र सैद्धान्तिक होडबाजीलाई उनीहरू पागल घोडाको दौड भन्थे । राजा जयपृथ्वीले वि.सं. १९९६ मा मलाई कलकत्ताको कालीघाटमा लिएर जानुभई दशरथ चन्द, महेन्द्रबिक्रम शाह, धर्मभक्तहरूसँग भेट गराउनुभई मलाई उहाँहरूसँगै काम गर्नु भन्नुभएको थियो । वि.पी. कोइरालाका पिता कृष्णप्रसाद कोइरालालाई चन्द्रसम्सेरको चाकडी नगर्नु भारत आउनु उहाँ राजाले नै भनेको हो । राजा त्रिभूवनका मान्छे पनि बेलाबेलामा जय भवनामा भेट्न आउन्थे । खोज्नुपर्ने एउटा महत्त्वपूर्ण कुरा के छ भने जयपृथ्वी राजाले एउटा आत्मजीवनी लेख्नुभएको छ । उहाँले लेखेका सयौं डायरीका आधारमा यो आत्मजीवनी तयार गरिएको थियो । त्यो आत्मजीवनी करिब ८०० पृष्ठको थियो, जसमा नेपालको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक अवस्था लगायत नेपालको विकास कसरी गर्न सकिन्छ भन्नेदेखि लिएर विश्वशान्तिका बारेमा लेखिएको

थियो । रवीन्द्रनाथ टैगोरको गोल्डन बुक ९न्यमिभल द्ययपण नामक पुस्तकमा पनि राजा जयपृथ्वीका बारेमा चर्चा गरिएको छ । रवीन्द्रनाथ टैगोर पनि मानवतावादी क्लबका सदस्य थिए । जयपृथ्वी राजाको मृत्युपछि भारतको हिन्दु दैनिक लगायतका पत्रिकाले आफ्नो सम्पादकीयमा 'दोस्रो गौतमबुद्धको मृत्यु' भनेर छापेका छन् ।" ..।

**११.** बर्माको मेमियोमा जयपृथ्वीसँगै बसेका र हाल रुपन्देही जिल्लाको सिद्धार्थ नगरपालिका मैत्रीपथ वडा नं.३/३०० खजुरियामा बसोबास गरिरहेका हर्कध्वज राई भन्दछन् - सन् १९३० मा राजा जयपृथ्वी बर्मा आउनुभयो र नेपाली भाषा स्कूलको उद्घाटन गर्नुभयो । त्यो स्कूलको बस्दोबस्त मिलाउन त्यसभन्दा पहिले देवसमसेरका महिला छोरा इन्द्रसमसेरलाई पठाउनुभएको थियो । राजा जयपृथ्वी मेमियोमा बस्दा म उहाँको स्याहारसुसार गर्थें र साथमा जान्थें । मेमियोमा उहाँले मानवतावादी क्लब पनि खोल्नुभएको थियो । बर्माका ठूल-ठूला मानिस बोलाएर एनिबेसेन्ट हलमा अङ्ग्रेजीमा भाषण दिनुहुन्थ्यो । उहाँले दिएको भाषण सुन्दा-सुन्दै हलमा बसेका मानिसहरू भावुक हुन्थे, अझ कोही त रुन्थे पनि । उहाँले बोलेका अङ्ग्रेजी भाषणका कुरा रङ्गुन विश्वविद्यालयका प्रोफेसर हाम्रै नेपाली अन्तरसिंह क्षेत्रीले बेलुकी हामीलाई नेपालीमा बताउनुहुन्थ्यो । राजा जयपृथ्वीले हामी नेपालीहरूलाई मात्र होइन, बर्मेलीहरूलाई पनि धेरै चेतना जगाउनुभएको थियो । अझ नेपालीहरूलाई त कुरा बुझाउन र सिकाउन धेरै जना एकै चोटि नबोलाउने कि ५/६ जनाका हिसाबले बोलाएर कुरा गर्नुहुन्थ्यो । उहाँले 'अल बर्मा नेपलिज एसोसियसन' पनि खोलाउनुभएको थियो । मसँग उहाँको फोटो पनि छ । उहाँ बर्माबाट भारत फर्केपछि चन्दनसिंह ठाकुर र खड्कसिंह ठाकुरमार्फत देहरादून र मेघालयबाट प्रकाशित हुने नेपाली भाषामा छापिने पत्रिका बर्मामा पठाउने व्यवस्था पनि गर्नुभएको थियो ।

**१२.** सन् १९२९ अप्रिल २२ का दिन स्वीट्जरल्यान्डको जेनेभा अवस्थित 'लासेलेदाइ एथेन्स हल'मा प्रथम प्रवचन दिएका थिए ।सभाको सभापतित्व अन्तर्राष्ट्रिय शान्ति संघ स्वीट्जरल्यान्डका निर्देशक एच. गोलेले गर्नु भएको सभामा डा. एल्.फाब्रे, डा.पियरी बबेट,जेनेभा ट्रिब्यूनका सम्पादक कोम्स लगायत स्वीट्जरल्यान्डका प्रमुख व्यक्तिहरुको ठूलो संख्यामा उपस्थिति थियो ।

**१३.** सन् १९२९ मे १ मा जर्मनीको बर्लिनमा प्रथम प्रवचन दिएका थिए । मित्रोच् जेसेलस्काफ्टका अध्यक्ष डा. लुड्विग स्टिनको सभापतित्वमा भएको सभामा बर्लिनका बुद्धिजीविहरुको ठूलो संख्यामा उपस्थिति थियो ।

**१४.** सन् १९२९ मे ६ मा Sal Gregur Obseen Dum Representatiohaus, Prague, Cyacoslovakia मा प्रवचन । सो समारोहमा Prof. Dr. Lesney ले सभापतित्व ग्रहण गर्नु भएको थियो ।

**१५.** सन् १९२९ मे ११ मा भियनाको इन्डस्ट्रिसाउसमा भियना विश्वविद्यालयका प्रा.डा. ग्रिगरको सभापतित्वमा भएको सभामा प्रवचन ।

१६. सन् १९२९ मे १४ मा हङ्गेरीको बुडापेस्टमा हङ्गेरीयन क्लबको तत्वावधानमा सिटि केसिनोमा प्रवचन दिएको थियो । जुन प्रवचनलाई Dr. Vamberi ले हङ्गेरीयन भाषामा उल्था गरेका थिए र सो सभामा हङ्गेरीयन संसद सदस्यहरुको भारी उपस्थिति थियो ।

१७. सन् १९२९ मे १८ मा Anglojugoslav Club II, Pezorira Ulica, Belgrade (बेलग्रेड) मा प्रवचन ।

१८. सन् १९२९ मे २३ मा बुखारेस्ट-रोमानियामा बुखारेस्टको Femme Casse मा आयोजित सभामा महिला संघकी अध्यक्ष राजकुमारी कान्ता कुसिनोको तर्फबाट संघकी सचिवले जयपृथ्वीको परिचय दिएकी थिइन र जयपृथ्वीको भाषण रोमानियका परराष्ट्र विभागले खटाएका दोभासेले उल्था गरेका थिए ।

१९. सन् १९२९ जुन ३ मा वार्सा-पोलाण्डको Karmienica Duke's Mansion मा बुद्धिजीवी परिषदको तत्वावधानमा आयोजित सभाको अध्यक्षता एचय। ष्भिदष्लकपष ले गरेका थिए । पोलिस विदेश विभागले खटाएका दोभासेले भाषणलाई पोलिस भाषामा अनुवाद गरेका थिए ।

२०. सन् १९२९ जुन ३ मा सोभियत रुस जानका निम्ति वार्सा स्थित सोभियत राजदूतमार्फत अनुपति पत्र माग गर्दा नदिएपछि राजदूत मार्फत सोभियत नागरिकका नाममा शान्ति र समानता सम्वन्धि ५ पेज सन्देश पठाएका थिए ।

२१. सन् १९२९ जुन ७ मा जर्मनीको वर्लिन स्थित ज्यतभ ञ्भकउबिलबमभ मा ीभबनगभ या :भभचब :गलमक ले आयोजना गरेको सभाको अध्यक्षता लिगका अध्यक्ष न्चबाा द्यभमबलमचयाा ले गरेका थिए । भाषणको उल्था वर्लिन विश्वविद्यालयका प्राध्यापकले गरेका थिए ।

२२. सन् १९२९ जुलाइ २ मा फ्रान्सको राजधानी पेरीसको क्वभि मभक ँभतभक म्ग न्चबकलक इचष्भलत म्भ ँचबलअभ मा प्रवचन दिएका थिए । सो सभाको सभापतित्व म्च। ए। ऋजबचउथ ले गरेका थिए ।

२३. सन् १९२९ जुलाइ २३ मा अन्तर्राष्ट्रिय शान्ति संघको आयोजनामा बेलायती संसद समितिकक्षमा बेलायतका विभिन्न राजनीति दलहरुका नेता सम्मिलित सभामा पहिलो प्रवचन ।

२४. सन् १९२९ जुलाइ २५ बृहस्पतिकादिन बेलायतको ऋबहतयल ज्बर्ाि मा त्जचभभ ँयमि :यखझभलत को तत्वाधानमा आयोजित सभामा स्थायी विश्वशान्तिको आवश्यकता वारे प्रवचन । सो सभामा म्च। ब्ललष्भ द्यभबकबलत, :च। ऋभअर्ष ज ध्षकियल, :च। ऋजबचभिक ँचभमभचष्अप ध्र्भििच, ष्भमबच ल्बतज म्बक न्गउतब वक्ता थिए र क्ष्च ँचबलअष्क थ्यगलन ज्ञकदलम ले सभाको सभापतित्व गरेका थिए ।

२५. सन् १९२९ जुलाइ २५ मा ब्रिटिस र अमेरिकन नागरिकहरुद्वारा संस्थापन गरिएको त्जचभभँयमि :यखझभलत ले ऋबहतयल ज्बर्ाि मा आयोजना गरेको कार्यक्रममा दोस्रो प्रवचन ।

२६. सन् १९२९ सेप्टेम्वर १७ बैंङ्गलोरमा बृहत गोष्ठी गरी युरोपमा सँगालेका अनुभव दुई चरणमा प्रस्तुत

२७. सन् १९२९ अक्टुबर २२ का दिन बैंङ्गलोरमा बृहत गोष्ठी गरी विभिन्न वर्गका युरोपीयली जनताको तत्कालिन मनस्थिति र शान्तिप्रतिको सकारात्मक तथानकारात्मक धारणा प्रस्तुत ।

२८.जयपृथ्वी तत्कालिन विश्वसमुदायमा एक आकर्षक र केन्द्रीय व्यक्तित्वका रूपमा प्रतिष्ठित थिए भन्ने कुरा अन्तर्राष्ट्रिय पत्रपत्रिकाले पनि उनको व्यक्तित्वमाथि प्रकाश पारी आएका छन्, जसमध्ये केही अंशहरूः–

२९.सन् १९३३ जुलाई २९ को अङ्कमा संयुक्तराज्य अमेरिकाको **'न्युयोर्क टाइम्स'** ले लेखेको छ- 'सिकागोमा २७ अगस्तका दिन उद्घाटन हुने विश्व आस्था मैत्रीसम्मेलनमा सम्बोधन गर्ने विभिन्न व्यक्तिहरूमा एक जना नेपालका जयपृथ्वीबहादुर सिंह, जो सबै भन्दा आकर्षणका व्यक्ति हुनेछन् । उनी भूतपूर्व राष्ट्रपति हवर्ट हुवर, न्युटन डी. बेकर तथा प्रोफेसर जोन देवेले आयोजना गरेको सम्मेलनमा भाग लिन यस न्युयोर्क सहरमा आइपुगेका छन् ....... ।'

३०.सन् १९३३ जुलाई २९ को अङ्कमा अमेरिकाको न्युयोर्कबाट प्रकाशित हुने **'इभिनिङ्ग जर्नल'** ले लेखेको छ- मानवतावाद भनेको त्यो सिद्धान्त हो जुन प्रत्येक व्यक्तिले पशुभन्दा पृथक भै धर्मको रुपमा नभएर कर्तव्यको रुपमा अनुशरण गर्नु पर्दछ । यो कुरो उनले सिकागोमा आयोजित विश्व सम्मेलनमा प्रस्थान गर्नु अघि होटल न्यूयोर्कमा धोषणा गरे । विश्व भ्रातृत्व माथिको उनको विश्वास, जसले प्राचिन हिन्दु धर्म जाति प्रथामा प्रतिवन्ध लगाउँछ, गान्धी झै उनलाई पनि खुला दुःखमा ल्याउँछ, उनको राजगद्दी मात्र होईन उनको भाग्य, मित्र र त्यो भाई जसको लागि उनले सन् १९१४ मा राजगद्दी परित्याग गरे र उनको लागि ती हराई सके ।

३१. सन् १९३३ जुलाई २९ को अङ्कमा '**HERALD TRI CHICAGO'** ले लेखेको छ ब्रिटिस इन्डिया र तिब्बतका बीच हिमालको दक्षिण मोहडामा अवस्थित नेपालका राज्यहरु मध्ये बझाङ राज्यका राजा जयपृथ्वीले १९१४ मा आफूलाई परित्याग गरी मानवतावादको प्रचारका लागि विश्व भ्रमण गर्दै न्यूयोर्क आउनु भएको छ ........ ।

३२. सन् १९३३ अगस्त २ को अङ्कमा अमेरिकाको न्युयोर्कबाट प्रकाशित हुने **'इभिनिङ्ग जर्नल'** ले लेखेको छ- "जयपृथ्वीबहादुर सिंह धर्मालम्बी होइनन् तर उनको आफ्नै एउटा दर्शन छ, जसलाई उनी मानवतावाद भन्दछन् । उनले हिजो साँझ न्यूयोर्क होटलको बार्दलीमा बसेर महिला र पुरुष पत्रकारहरूको एक समूहलाई तीन भागमा विभाजित मानवतावाद नामक पुस्तक पढ्न दिए । सन् १९१४ मा राज्य परित्याग गरी दक्षिण भारततर्फ लागेका राजाले महात्मा गान्धी, अतिया बेगम र अन्य भारतीय समाजसेवीहरूलाई मित्र बनाएर मानवतावादी क्लब स्थापना गरी सहअस्तित्व र भ्रातृत्वको प्रचार गर्नमा आफूलाई पूर्णरूपले समर्पित गरेका छन् । यिनले यहाँ भने "मेरा भाइ र सुसुरा मसित भोजनसम्म गर्दैनन् । म युरोप भ्रमणबाट फर्केर आफ्नो पहिलेका घरमा जाँदा मलाई घरभित्र पस्न दिएनन् र म एउटा होटलमा बास बसी एक्लै खाना खाएँ । तपाईहरूलाई थाहा छ ? तिनीहरूका नजरमा मैले मेरो आस्थाले गर्दा आफ्नो जात गुमाएँ । यस कुराबाट तपाईहरू प्रस्टसँग बुझ्न सक्नुहुन्छ कि धार्मिक असहिष्णुता कस्तो पागलपन रहेछ ।" विश्वका १२ वटा धर्मका नेताहरू, जसका अनुयायीहरू एक पटक परस्परमा तरबार र खुकुरीले लडाइँ गर्दथे, गत राती सिकागोको मेरिसन होटलमा विश्वशान्तिका लागि बकालत गर्न जमघट भए । विश्वमानवका समस्याको समाधान धर्मले मात्र गर्न सक्दछ भन्ने तिनीहरूका उद्गार थिए तर दार्शनिक राजा

जयपृथ्वीले "प्राणदण्ड र प्रतिबन्ध मानवविरोधी कुरा हुन् भनेर निन्दा गरे । यिनले ''मानिस सबै एउटै हुन्" भन्ने मूल धारणाको अवलम्बन गर्न अनुरोध गर्दै अप्राकृतिक र अनुदार उत्तेजना आध्यात्मिक, नैतिक र भौतिक कल्याणका लागि हानिकारक हुन्छन् । कानुनी रूपमा लागू गरिने प्रतिबन्धले गोप्य ज्यादतीहरूलाई प्रोत्साहित गर्दछ । समस्याको समाधान कानुनभन्दा शिक्षाद्वारा गर्नुपर्दछ" भन्ने मत उनले राखे । यिनले विश्व आस्था मैत्री संसद्सामु दिएको प्रवचनले विश्वआस्था मैत्रीसङ्घलाई जन्म दिएको छ ... ।

**३३**.सन् १९३३ अगस्ट ८ मा अमेरिकाको सिकागोमा विश्वआस्था मैत्रीद्वारा आयोजित कार्यक्रममा 'मानवत्वको मौलिक एकत्व' वारे ८ वटा महत्वपूर्ण प्रवचन दिएका थिए ।

**३४**.सन् १९३३ अगस्ट ११ मा दिनको २:३० वजे राष्ट्रिय प्रसारण कम्पनी, सिकागो अमेरिकाबाट अमेरिकी नागरिकहरुलाई '**रेडियो वक्तव्य**' ।

**३५**.सन् १९३३ अक्टोवर २६ को अङ्कमा '**जापान टाइम्स**'ले लेखेको छ- "विशिष्ट चरित्र भएका जयपृथ्वीबहादुर सिंह जापानको भ्रमणका लागि टोकियो आइपुगेका छन् । यिनी एउटा दार्शनिक र लेखक हुन् । आफ्नो मिसनको उद्देश्य र विश्व एकताका लागि एसिया क्लब, टोकियोमा प्रवचन दिँदै यिनले 'मानवतावादी क्लब' को धारणा विश्वभरि प्रचार-प्रसार गरियो भने विश्वका राष्ट्रहरूले आफ्नो सैन्यशक्ति र सामुन्द्रीक उपकरणमा भारी रकम खर्च गर्नुपर्ने छैन र विश्वभरिका नागरिकहरूमा मित्रताको भावनाबाहेक अरू केही हुने छैन भन्ने कुराको व्याख्या गरे ....।"

**३६**. सन् १९३३ नोभेम्बर ३ मा **"Kumin" Tokyo Japan** ले लेखेको छ- हिन्द-नेपालका राजा जे.पी. वहादुर शिकागो यू.एस.ए. बाट फर्कदा यहाँ आएका हुन । उनले आफ्नो प्रवचन दिने कार्यक्रमको शिलशिलामा यहाँ आई विभिन्न ख्याति प्राप्त जापानिजहरुलाई भेटे । उनले रोमन लिपिको सट्टा संस्कृत लिपिको प्रयोग हुनुपर्छ भन्ने सुझाव दिए । उनले इसाई धर्म र उपनिवेशवादको प्रचार एसिया र अफ्रिकामा हुनुको साथै पाश्चात्य प्रभावको कारण पनि प्रमुख हुन भने ।

यस्तो स्थितिमा एउटा एशियन संघ हुनु जरुरी छ । सबै राष्ट्रहरु, त्यसमा पनि खास गरी साना राष्ट्रहरु र अल्प संख्यक समुदायले त आफ्नो संस्कृतिको जगेर्ना गर्नै पर्दछ । राजा वहादुर सिंहले धेरै देशहरुको भ्रमण गरिसक्नु भएको छ । ..... ।

**३७**. सन् १९३३ नोभेम्बर ४ शनिवारको अङ्कमा '**THE JAPAN ADVERTISER, TOKYO**' ले लेखेको छ- हालसालै यहाँ टोकियोमा पुग्नु भएको राजा जयपृथ्वीवहादुर सिंहले घोषणा गर्नु भयो- संस्कृत स्वरमा मात्र जापानी जस्तो लाग्ने होइन, औसत व्यक्तिका लागि लेख्न पनि सरल छ, यो सिक्न करीब २ महिना जति मात्र चाहिन्छ । यसले प्रत्येक जापानी आवाजको पुनरुत्पादन गर्दछ, स्थान र समयको बचत हुन्छ, कलम अथवा ब्रुशले कलात्मक रुपमा लेख्न सकिन्छ, अङ्ग्रेजी अथवा फ्रेन्चमा जस्तो लुकेको आवाज हुँदैन र जम्मा ४८ वटा वर्णहरुमात्र यसमा छन् ।

उनले घोषणा गरे कि जापानी परिधि भित्र रोमन अक्षरहरु अनुशरण गर्ने प्रयास असफल हुन बाध्य छ, जवकि वर्तमान जापानी भाषामा यस्ता कैयन रहस्यमय बर्णहरु छन् कि विद्यार्थीहरुले अनावश्यक रुपमा बढी मेहनत गर्नु पर्दछ ।

**३८.**सन् १९३३ नोभेम्बर ५ को अङ्कमा **'जापान टाइम्स'**ले प्रकाशित गरेको छ - "जापान मात्र होइन, पूर्वका हरेक राष्ट्रले एउटै साझा लिपि अपनाउनेछन् भन्ने आशा राखेको छु भन्दै राजा जयपृथ्वीबहादुर सिंहले भने- जसरी सम्पूर्ण युरोपेली मुलुकहरूले रोमन लिपि अनुसरण गरेका छन्, त्यसरी नै हामीले साझा लिपिको अनुसरण गर्दा एक-अर्काका भाषाको अध्ययन गर्न प्रोत्साहित गर्नेछ र पूर्वीय राष्ट्रहरूलाई पारस्परिक समझदारी बढाउने मार्गमा खडा भएका भाषागत अवरोधहरू हटाउनमा मद्दत गर्नेछ ....।"

**३९.**सन् १९३३ नोभेम्बर १८ को अङ्कमा **'द नर्थ चाइना डेली न्युज'**ले लेखेको छ- "हाल साङ्घाईको भ्रमणमा आउनुभएका जे.पी. बहादुर सिंहका विचारको प्रत्यक्ष नतिजाबाट अमेरिकाको सिकागोमा गत ग्रीष्ममा आयोजना गरिएको विश्वआस्था मैत्रीसम्मेलनले विश्वव्यापी शान्तिद्वारा व्यक्तिगत सुरक्षा कायम राख्ने उद्देश्यले 'अन्तर्राष्ट्रिय विश्वआस्था मैत्रीसंघ' को स्थापना भएको छ । यसैका लागि सन् १९१४ मा आफ्नो राजगद्दी परित्याग गर्ने नेपालको बझाङ राज्यका पूर्व राजा विश्वस्त छन् कि धार्मिक र राजनीतिक सम्प्रदायहरूका बीचको विवेकपूर्ण सहयोगद्वारा मात्र सर्वसाधारण जनतालाई शान्ति, सुरक्षा र सुख प्राप्त हुन सक्छ । यात्रीले हिजो 'द नर्थ चाइना डेली न्युज' का प्रतिनिधिसँगको भेटमा भने- "सन् १८९३ मा सम्पन्न भएको पहिलो विश्वआस्था मैत्रीसम्मेलनका प्रतिनिधिहरूले आ-आफ्ना धर्मको मात्र गुणगान गाएर मूल रूपमा आफ्नै धर्मसँग सम्बन्धीत थिए । तर यो १९३३ को सम्मेलनमा त्यसको ठीक विपरीत धर्मलाई मानव कल्याणका लागि उपयोग गर्ने भएका छन् ।" मानववाद उनको सिद्धान्त हो, जसले आफ्नै स्वर्णिम सपनाका खातिर राजगद्दी र सुखसुविधा परित्याग गरेका थिए । किनकी यिनी त्यसै किसिमका बुद्धिजीवी पनि छन् । चीन, अमेरिका र भारतका मानिसहरूले एकअर्काप्रति परस्परमा सहिष्णुतापूर्ण व्यवहार र युक्तिसङ्गत सहयोग गरे भने निःशस्त्रीकरणका सम्मलेनहरू अनावश्यक हुनेछन् भन्ने कुरामा यिनी विश्वस्त छन् । साङ्घाई भ्रमणमा रहेका नेपाल राज्य बझाङका भूतपूर्व राजा जे.पी. बहादुर सिंह आज राती विदेशी वाइ.एम.सी.ए. मा प्रवचन दिनेछन्, जुन प्रवचन राती ९:१५ बजेदेखि रेडियोबाट प्रसारण हुनेछ ।"..

**४०.**सन् १९३३ नोभेम्बर १९ को अङ्कमा **'चाइना प्रेस'**ले प्रकाशित गरेको छ- "जयपृथ्वीबहादुर सिंहले साङ्घाईमा एउटा सारगर्भित भाषण दिए, जसमा यिनले विभिन्न राष्ट्रहरूबीच शान्ति र सुरक्षा प्रबर्द्धन गर्न विश्वमा नै एउटा आन्दोलन चलाउनुपर्ने कुराको सशक्त वकालत गरे ....।"

**४१.**सन् १९३३ डिसेम्बर ४ को अङ्कमा **'द चाइना प्रेस'** पत्रिकाले लेखेको छ- "चीन भ्रमणमा आएका नेपालका जयपृथ्वीबहादुर फुकिन विद्रोहमा मध्यस्थता गर्न चाहन्छन् । यिनले भने- अखण्डित चीन हेर्ने मेरो दृढ इच्छा छ । हिजो साँझ चाइना प्रेसका संवाददातासँगको अन्तर्वार्तामा मन्चुरिया र चीनका साथ जापानी नीतिसम्बन्धी प्रश्न गर्दा यिनले कोरियाको उदारहणसहित उत्तर दिए - 'एउटा अर्को विश्वयुद्धको सम्भावना छ, जुन सुदूर पूर्वबाट सुरु हुन सक्छ, जसको कारण जापानले सिर्जना गरेको ईर्ष्या बन्न सक्छ ।' भारत र गान्धीका बारेमा सोद्धा यिनले भने- गान्धीले भारतका लागि राम्रो

त गरेका छन् र काङ्ग्रेस आन्दोलनलाई म अस्वीकार पनि गर्दिन् तर गान्धीको नागरिक अवज्ञा आन्दोलनको नीतिसँग म सहमत छैन किनभने मलाई लाग्छ, यसले भारतलाई एकीकरण गर्नेछैन । सोभियत सङ्घले गरेको अनाक्रमण सन्धिलाई महत्त्व दिनुहुन्छ ? भन्ने प्रश्न सोद्धा यिनले भने- म अनाक्रमण सन्धिलाई महत्त्व दिन्न । विश्वशान्तिको भविष्य सम्झौता र सन्धिहरूमा निर्भर छैन, मानिसहरूको आफ्नै मनमस्तिष्कमा निर्भर छ ।"

**४२.** सन् १९३३ डिसेम्बर ४ सोमवारको अङ्कमा **'THE SANGHAI TIMES'** ले लेखेको छ- यस्तो लाग्छ, राजा जे.पी.वहादुर सिंह चीनका सामयिक यात्री हुन, जसले विश्व शान्ति प्राप्तिका लागि आफूलाई समर्पित गर्न आफ्ना पद र सुविधाहरु परित्याग गरेका छन् । हिजो सांघाइमा उनले नानकि र फुकिनको अलगाववादी सरकारका बीचको समुपस्थित शत्रुता अन्त गर्न आफ्नो सेवा उपलब्ध गराउँन तयार रहेको कुराको घोषणा गरे ।

नेपालका प्राइमिनिष्टर स्व.महाराज शम्शेर जंगको लागि दुई वर्ष अगाडी लुचुआन शान चिया चिनिया प्रतिक लिएर नेपाल गएका चिनिया राजदूत चाङ्गमिङ्गको सहयोगले राजा सिंहले शान्तिका लागि प्रवचन श्रृंखला पेश गर्ने योजना वनाएका छन् । शुक्रवार राती चिनिया वाइ.एम.सि.ए. मा नेपाल र तिब्बतको सम्वन्धमा पनि एउटा वक्तव्य दिन सक्छन् । ..... राजा सिंह हालसालै शिकागोबाट फर्केका हुन् .......। शिकागोमा कैयन राष्ट्रका प्रतिनिधिहरुको बिशाल सभालाई सम्बोधन गर्दा राजाले विश्व शान्तिको शिष्यको रुपमा महत्वपूर्ण सम्मान हाँसिल गरे । ......

**४३.** सन् १९३३ डिसेम्बर २३ को अङ्कमा 'त्भ ऋभ्थिइल इद्यक्भ्च्खभ्च' ले लेखेको छ- राजगद्दी परित्याग पश्चात राजा जे.पी. वहादुर सिंहले विश्वका दु:खहरुको बारेमा सोचेका थिए र ती विचारहरुलाई उनले कागजमा उतारे, जसले ह्यूमानिज्म नामक पुस्तकका ठेलीको रुप लियो । यी पुस्तकहरुमा उनले मानव जीवनका सम्पूर्ण पक्षहरुलाई समेट्ने दर्शन घुसारेका छन् ।.........

**४४.** सन् १९३४ जनवरी १० को अङ्कमा 'त्ज्ञभ्क इँ क्ष्ल्म्क्ष्व, द्यइ:द्यब्ध' ले लेखेको छ- मंगलवार साँझ प्राथना समाज हलमा आयोजित आमसभालाई सम्बोधन गर्दै गत सेप्टेम्वर महिना शिकागोमा सम्पन्न भएको दोस्रो विश्व धर्म सम्मेलनमा भाग लिएर आउनु भएका ह्यूमानिष्टिक क्लब बंगलोरका संस्थापक अध्यक्ष तथा नेपालका राजा जयपृथ्वी वहादुर सिंहले त्यस संस्थाको लामो अवधिभर भएको सम्मेलनको प्रकृति र कार्य माथि प्रकाश पार्नु भयो । उहाँले भन्नु भयो कि, त्यो सम्मेलनमा सबै राष्ट्र तथा मुलुकहरुका बीच सद्भावना र एकताको भावनाको विकास गर्नुपर्ने आवश्यकता तथा मानवीय कष्टहरुको निवारण गर्नुपर्ने अनिवार्यता जस्ता विविध विषयहरु माथि छलफल गरियो । ..

**४५.**सन् १९३४ डिसेम्बर २२ मा 'द बिक्ली' बम्बै पत्रिकामा 'नारीवाद विश्वशान्तिका लागि नयाँ आशा' विषयमा जयपृथ्वीले लेखेका छन्- "विश्वमा शान्ति सन्देश फैलाउने सिलसिलामा मैले गरेका अनेकन यात्राहरूमा मैले विभिन्न थरीका मानिसहरूको सामना गरेँ । तर मलाई चिनियाँ कवि ल्युउ एन होङ्गको विचारभन्दा बढी नयाँ र मौलिक अरू कुनैले प्रभावित पारेन, जसलाई मैले गत वर्ष सङ्घाई भ्रमणको बेला भेट्ने सौभाग्य पाएको थिएँ । पशु र मानवजीवनका दुवै लिङ्गहरूका प्रवृत्तिको गहिरो अध्ययनपछि कबि होङ्गले आफ्ना सारा तर्कलाई नारी र पुरुषका बीच कत्ति पनि युद्ध भएनन्, नारी र नारीका बीच सामान्य झगडाहरू मात्र हुन्छन्, पुरुष-पुरुषका बीच जहाँसुकै र जहिले पनि

कैयन ठूला र घातक युद्धहरू भएका छन् भन्ने सूत्रमा घटाएका छन् । यिनले आफ्नो तर्कलाई सिद्ध गर्दै भन्छन्- युद्ध पुरुष प्रकृतिको परिणाम हो । उनी भन्दछन्- भावी युद्धको कल्पना गर्नुहोस्, जब युद्धकारी हतियारहरू अरू पूर्णताको अवस्थामा पुग्नेछन् । तपाई जताततै जीवित आमाहरू, बहिनीहरू, छोरीहरू र विधवाहरूका करुणामय जीवनहरू देख्नुहुनेछ । उनी सल्लाह दिन्छन् मानिसलाई जन्म दिने आमालाई विश्वशान्तिको रक्षाका लागि अग्रिम स्थानमा राखेमा समस्या सजिलैसँग समाधान हुनेछ ।" ...

४६. सन् १९३५ फ्रेवरी ३ मा जे.पी. इन्स्टिच्युट रङ्गुन, बर्माका निर्देशक उ.लकाजेट्टाले लेखेका छन्- जयपृथ्वीबाट प्रभावित भएर रङ्गुनका सामाजिक कार्यकर्ताहरू इन्स्टिच्युटको कार्यमा निस्स्वार्थ योगदान दिन जुटेका छन् । इन्स्टिच्युटभित्र स-साना बाल-बालिकाहरूका लागि एउटा शिशु पाठशाला छ । त्यसभन्दा बढी उमरेका लागि प्राथमिक पाठशाला छ । निःशुल्क एम्बुलेन्स र चिकित्सा सेवासम्बन्धी जिम्मेवारी लिएको एउटा विभाग छ । मानवतावादसम्बन्धी शिक्षा दिने मानवतावादी संस्था छ । यस इन्स्टिच्युटभित्रका यी विभिन्न विभागहरू एक-अर्काबाट पूर्ण स्वतन्त्र छन् तापनि यिनको रेखदेख गर्ने एउटा केन्द्रीय निकाय छ ।

४७. वि.सं. १९९२ माघ ३० गते बर्ष १ अङ्क ७ मा भारतको मेघालयबाट प्रकाशित 'गोरखा सेवक' नामक पत्रिकाले लेखेको छ- "डाँकबाट खबर आयो कि नेपालका जयपृथ्वीबहादुर सिंह यस बेला अविसिनियामा हुनुहुन्छ । तीबाहेक एसियाका अन्य कुनै व्यक्ति हब्सीहरूको देश अविसिनियामा छैनन् । यसभन्दा पहिले उहाँ जापानमा हुनुहुन्थ्यो । इटली र अवसिनियाको लडाइँ सुरु हुनासाथ उहाँ यहाँ आउनुभएको छ । हब्शीहरूप्रति उहाँको ठूलो सहानुभूति छ । जापानबाट २ जना डाक्टर र ४ जना नर्स पनि बोलाउनुभएको छ । जसरी भए पनि अविसिनियाबासीहरूलाई सहायता गर्ने उहाँले सङ्कल्प गर्नुभएको छ ।"

यसरी नेपालका एक महापुरुष, जसले प्रतिकूल परिस्थितिमा पनि आफ्नो विचार दिए, जसले मानिस यस कारणले महान् र समान हो भनेर चिन्तन दिए । जतिखेर सारा मानिसले जिउधन सरकारी भनेर झुक्नुपर्थ्यो, त्यस बेला मानिसले मानिस भएर यसरी बाँच्न पाउनुपर्छ भनेर सिकाउने एक नेपालीको उदय भएको थियो, जसले मान्छेको महत्त्व बोध गराइ विश्वआस्था मैत्रीसंघ, रेडक्रस र संयुक्त राष्ट्र संघजस्ता विश्व संस्था स्थापना गर्न प्रेरित गरेका थिए ।

मानववाद मानवसमस्याहरू समाधानको प्रमुख साधनका रूपमा समर्पित एक दर्शन हो । यसले सङ्कल्पवाद र भाग्यवादमा विश्वास गर्दैन । यसको प्रमुख ध्यानाकर्षण मान्छेका लागि, उसको क्षमताबृद्धिका लागि, उसको आपूर्तिका लागि, निर्माणका लागि र उसका कार्यमा संवेदनशील हुनका लागि हो । मानववादीहरू डरको अँध्यारोमा मात्र होइन, तर्कको उज्यालोमा प्रत्येक चिजको परीक्षण गरेर मान्छेको माया र रेखदेख मान्छेले नै गर्दछ भन्ने कुरामा विश्वास गर्दछन् ।

वास्तवमा मानवसभ्यताको बीज नै विचार हो । एक पटक सत्य विचारको बीजारोपण भएमा अवश्य पनि अङ्कुरित हुन्छ, पल्लवित हुन्छ र पुष्पित हुन्छ । अनि सच्चा मानव पनि त्यही हो, जसले स्वतन्त्र रूपले खुसीका साथ प्रगतिमुखी नियमहरूको सही पालना गर्दछ ।

चिन्तन, त्याग र कर्मयोगका एकीकृत प्रतिमूर्ति जयपृथ्वीले आफ्नो सम्पूर्ण राजसी सुखसयललाई तृणगत ठानी मानवमात्रको सुख, खुसी, समृद्धि र शान्तिका लागि मानवतावादलाई विश्व मानवमात्रका मन, मुटु र मस्तिष्कसम्म पुऱ्याउन गरेको प्रयास नेपालका लागि गौरवको विषय हो ।

आज पनि हतियारको होडबाजीबाट आक्रान्त विश्वमानवसमाजलाई निःशस्त्रीकरण, सहिष्णुतापूर्ण व्यवहार र युक्तिसङ्गत सहयोग आवश्यक छ । मानवजातिकै एकनासको विकास आवश्यक छ । प्रत्येक नागरिकको सोचाइमा शान्तिको अभ्यास हुनु आवश्यक छ । प्रत्येक नागरिकले शान्तिलाई आफ्नो जीवनपद्धति बनाउनु आवश्यक छ । आफ्नो जीवनमा आदर्श एकता, सहयोग र सद्भावनामा बदल्नु आवश्यक छ । विभिन्न वर्गका बीच स्वच्छ समझदारी र सहानुभूति जुटाउनु आवश्यक छ । मानिसका भावना र बानीले सह-अस्तित्व स्विकार्नु आवश्यक छ, सह-अस्तित्वबाट मात्र एकता हुन्छ, एकतामा मात्र शान्ति हुन्छ र शान्तिमा मात्र सुख प्राप्त हुन्छ भन्ने कुरा हरेक मानिसले स्विकार्नु आवश्यक छ, जसका लागि मानवतावादको अध्ययन अति आवश्यक छ ।

दर्शन भन्नु मानिसलाई साधारणबाट विशिष्टतामा पुऱ्याउने एक शिक्षा हो, जसले तर्कसङ्गत अध्ययन गरी मानवसमाजको हितका निम्ति जीवन र जगत्को बिश्लेषण गर्दछ । त्यसैले दर्शन मानिसको चिन्तन, व्यवहार, गतिविधि तथा समग्र जीवनका बारेमा अध्ययन गर्ने-गराउने शास्त्र भएकाले मानववादी जयपृथ्वीले मानववाद नेपाली माटोभित्रै खोजे । नेपाली गाउँबस्तीभित्रै खोजे । नेपाली झुप्रा-झोपडी र महलभित्रै खोजे । नेपाली नाङ्गा र भोका अनुहारभित्रै खोजे । नेपाली आमाको मौलिक रूपभित्रै खोजे र मानवमात्रको अन्तर्मनमा आफ्नो दर्शनलाई खोजेका थिए ।

उनको यो कार्य तत्कालीन नेपाली समाजका लागि मात्र नभई विश्व समाजका लागि नै अभूतपूर्व र चामत्कारिक थियो । परिवर्तनकारीहरूका लागि न पद चाहिन्छ, न राज्यसत्ता नै भन्ने कुरामा यिनको विश्वास थियो । यिनले आफ्नो उमेर, अनुभव र अध्ययनको परिपक्वतासँगै मानववादी दृष्टिकोण बनाएर विश्वशान्ति अभियानमा जुटेका थिए ।

## मानववाद के हो ?

आत्मशुद्धिको दीर्धकालीन अभ्यासले मन माथि नियन्त्रण प्राप्त गर्न सकिन्छ । प्रत्येक मानिस यसका लागि समर्थ छ र उसले यसलाई वेवास्ता पनि गर्नु हुँदैन । जीवनको यस प्रकारको अभ्यासले मानवताको निर्माण हुन्छ र त्यसैतर्फ अग्रसर हुन उत्प्रेरित गर्दछ जुन पशुत्वबाट धेरै टाढा हटिसकेको स्वयम् देव तुल्य उच्च मानवता हो । पाशविकताबाट विकसित र परिष्कृत भएर नै मनुष्यत्वमा प्राप्त हुन्छ र मनुष्यत्वबाट माथि उठेको र इन्द्रिय जितेको अवस्था नै देवत्व हो । मानिस स्वयम् ईश्वर हो खाँचो छ केवल उद्बोधन र अभिव्यक्त हुने अवसरको ।

ऋषिमुनिहरु देव–मनुष्य हुन् जसले स्व प्रयत्न र स्व अनुशासन}रा आफूभित्र ईस्वरत्वको अनुभूति प्राप्त गरेको हुन्छन् ।

विधिपूर्वक संस्थापित संस्था}ारा दिइएको कुलीन शिक्षा वा स्वसंस्कार}ारा आर्जित शिक्षा मानवतावादका मार्गहरु मध्ये एउटा हो, तर त्यसरी प्रदान गरिएको वा प्राप्त संस्कारले ब्र०माण्डको मौलिक एकत्वको ज्ञान प्राप्तितर्फ अघि बढाउँछ, फलस्वरुप त्यसले आफ्नो स्वाभिमान र सिद्धान्तको श्रेष्ठतामा अडेको त्यस्तो विद्यार्थी वा वि}ान्को चित्तलाई शोधन गरिदिन्छ । पवित्र नैतिक मूल्यहरु, धार्मिक सिद्धान्तहरु र उसका आफ्ना समाजका चाल चलन रीतिरिवाजहरु तथा त्यहाँका कानूनको परिपालनले पनि त्यही नै अभिष्ट गन्तव्यतिर डोऱ्याउँछ, तर उसले यसकुरामा ध्यान पुऱ्याउनु पर्छ कि यसले गर्दैमा उसलाई कुनै प्रकारले कट्टर वा धर्मान्ध नबनाओस् ।

अरुप्रति सहिष्णु बन्नु, सत्य सन्धानको मार्गमा लाग्नु, सबैमा सच्चा सहानुभूति देखाउनु, प्रतिफलको कुनै आशा नराखी अरुलाई सहयोग गर्न तयार रहनु आदि जस्ता कुराहरु नै मानवतावादका वास्तविक साधन हुन्छ । उनीहरु स्वार्थ नराखी कर्म गर्छन, तटस्थ भएर बोल्दछन् र सबैको भलो मात्र चिताउँछन् । उनीहरुमा दुःख वेदना भन्ने हुँदैन, आफू र बाँकी समस्त संसारबीच समताको भाव}ारा आफ्नो मनलाई अचल (स्थिर दृढ) बनाएका हुन्छन् । उनीहरुमा छुद्र भावना उठ्दैन न त छुद्र स्वार्थपट्टि नै चित्त जान्छ । उनीहरु मानिसहरु मध्येमा श्रेष्ठ मार्ग निर्देशक नेता बनेर हिँड्डूल गर्दछन्, सबैबाट अपनत्व र मर्यादा प्राप्त गर्दछन् । सामाजिक कलह झै–झगडाले उनीहरुलाई छुदैन । सांसारिक सम्पत्ति महत्वहीन बन्दछ । उनीहरुमा सन्तोष र सुख छ किनकी उनीहरु आफ्ना निमित्त भनेर जति बाँच्छन् त्यति नै अरुका निमित्त बाँच्दछन् । शारीरिक दुःखको उनीहरु प्रर्वाह गर्दैनन् । उनीहरुका शरीरले दुःख पाउने भयो भने त्यस दुःखका कारणहरुका विरुद्ध उनीहरुको मन दह्रो भएर उभिन्छ ।

दुःख स्वयं मानिसकै कारणबाट पैदा हुने चीज हो र यो संसारलाई हेर्ने गलत दृष्टिकोण र काम कार्वाही गराइको गलत तरिकाबाट पैदा हुने गर्दछ । यसको एउटै मात्र औषधी मानवता हो । यसले समाजका स–साना झै–झगडा र तँछाड–मछाडबाट पक्कै पनि मानिसलाई जोगाउँछ र शरीरमा पैदा हुने पीडाका सम्पूर्ण कारणहरुको निराकरण गरी त्यसबाट माथि उठाइदिन्छ । यसको अनुपालनले मानिस सुखी हुन्छ ।अरु कुराहरुको उपलब्धता वा सङ्ग्रहले भन्दा आफ्नै मन माथिको विजय र शुद्धिकरण अनि आफूमा र अरुमा उही र एउटै समान चेतना पून्ज हुन्छ भन्ने विश्व दृष्टिकोणले मानिस खुशी हुन्छ । त्यो एकत्वको अनुभूतिमा वास्तविक खुशी प्राप्त हुन्छ तर एकलकाँटे भावनाले पैदा गर्ने खुशी अन्त्यमा पीडादायी हुन्छ । मानिसको आफ्नै दिमागमा त्यसको साधन हुन्छ र उसले सङ्कल्पका साथ विस्तारै विस्तारै गर्दै गएमा आफू र अरुलाई पनि वास्तविक खुशी प्रदान गर्न सक्छ । तव नै संसार एउटा सुन्दर संसार हुनेछ युद्धको संसार होइन, घृणाको संसार होइन, प्रेमको संसार हुनेछ, विभाजनको होइन, आपसी मेलमिलापको एउटाको अर्को बन्धुत्व हुनेछ र प्रत्येकले आफ्नो शक्ति र सम्पत्तिको हदैसम्मको विकास गर्ने छ र त्यसलाई आफू र अरुका विभिन्न प्रयोगमा ल्याएर ढिलै किन नहोस् सबैले निश्चय नै उन्नति प्रगति गर्ने छन् । संसार बस्नका लागि योग्य स्थान हुनेछ र मानवता पशुत्वबाट हटेर सच्चा ईस्वर बन्ने छ । कोमल र विनयशील बनेर जाज्वल्यमान भई चम्कनेछ । हरेकका अन्तर्मनबाट बिशाल शान्तिको ज्योति झल्झलाकार भएर प्रकाशित हुनेछ ।

मिनवहादुर सिंह अध्यक्ष, ह्यूमानिज्म एण्ड जयपृथ्वी फाउण्डेशन, काठमाडौं
सम्पर्क: ९८४१५४५३६५ humanism1928@gmail.com